# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ९५ | काठमाडौं | बिहीबार, ११ साउन २०८० | Prabhab National Daily | Thursday, July 27, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कांग्रेस महासमिति मंसिरमा

### खाणबारे गगनको फरक मत

- महासमिति बैठक आगामी मंसिर ११, १२ र १३ गते काठमाडौंमा हुने
- पार्टीको नाममा खोलिएका फेक अकाउन्टहरु बन्द गर्ने, मोसो दल्न उत्रने कार्याकर्ताको सदस्यता खारेज गर्ने
- पार्टीको सांगठनिक सुदृढीकरणका लागि साउन २० देखि ३० गते आन्तरिक, भदौ १० देखि २४ गते समुदायमा कांग्रेस 'राष्ट्रव्यापी अभियान' सञ्चालन गर्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले महासमितिको बैठक मंसिरका लागि तय गरेको छ । साउन २ बाट ललितपुरको सानेपास्थित कांग्रेस केन्द्रीय कार्यालयमा भएको बैठकले उक्त निर्णय गरेको महामन्त्री विश्वप्रकाश शर्माले बताए । 'आगामी मंसिर ११, १२ र १३ गते काठमाडौंमा हुने गरी महासमिति बैठक आह्वान गरिएको छ,' बुधबार साँझ महामन्त्री शर्माले भने ।

कांग्रेस केन्द्रीय समिति बैठक १८ बुँदे निर्णयसँगै सौहार्द्रपूर्ण रूपमा सम्पन्न भएको उनले बताए । कांग्रेसले नीति अधिवेशनका लागि बेग्लै मिति भने तोकेन । १४औं महाधिवेशनमा नीतिबारे छलफल नभएपछि छ महिनाभित्रै नीति अधिवेशन गर्ने निर्णय गरेको थियो । यद्यपि निर्वाचनलगायत विभिन्न कारण नीति अधिवेशन हुन सकेन । पार्टीको विधानलेसमेत नीति अधिवेशन नचिन्ने भएकोले नेतृत्वले यसप्रति चासो नदेखाएको कांग्रेस नेताहरू बताउँछन् । विशेषगरी महासमिति बैठकमै विधान र नीतिबारे छलफल र निर्णय हुने गर्दछ । त्यसैले महामिति बैठकमै नीतिबारे बहस हुने महामन्त्री शर्माले जनाए ।

### खाणबारे गगनको फरक मत

कांग्रेस बैठकमा केहीले पूर्वगृहमन्त्रीसमेत रहेका बालकृष्ण खाणलाई पार्टीको केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने माग गरेका थिए । यसरी आवाज उठाउनेमध्येमा महामन्त्री गगन पनि एक हुन् । तर केन्द्रीय समितिमा उनको आवाजको सुनुवाइ भएन । त्यसैले उनले यसबारे फरक मत सभापति देउवालाई बुझाएका छन् ।

'बैठकमा पार्टीको एजेण्डा, प्राथमिकता, कार्ययोजना र कार्यतालिका लगायतका विषयमा साउन ८ गते मैले राखेको अवधारणा लिखितरूपमा आज सभापतिज्यूलाई (बाँकी पृष्ठ २ मा)

**आलोचना होला भनेको, भएन : *देउवा***

कांग्रेस सभापति देउवा कमै बोल्छन् । सात दिनसम्म चलेको बैठकमा देउवाले जवाफ दिने क्रममा करिब चार मिनेटमात्र समय लिए । आफ्नो धारणा राख्दै धेरै आलोचना नभएकोमा दंग सुनिए देउवा । 'धेरै आलोचना होला भनेको, भएन,' देउवाले भने, 'अत्यन्तै जीवन्त लाइभ्ली डिस्कसन भयो ।' यसपटकको केन्द्रीय समिति बैठक (बाँकी पृष्ठ २ मा)

---

संसद्मा सरकारलाई प्रश्न

# सुन तस्करीको नाइके खोइ ?

## प्रतिपक्षसँगै सत्तारूढ दलकै सांसदले मागे गृह र अर्थमन्त्रीको राजीनामा

- तस्करीको सुन काण्डका मुख्य नाइकेलाई पक्राउ गर्न माग
- सुन काण्डको जरैसम्म नपुगे सरकारको दिनगन्ती सुरु हुने चेतावनी
- एमालेको अवरोधपछि संसद् बैठक स्थगित
- हालसम्म १७ जना पक्राउ, अझै पत्ता लागेन मालिक



ललिता निवास, नक्कली भुटानी शरणार्थी, सुन तस्करीलगायत प्रकरणको जरोसम्म पुग्ने साहस लिएको हो भने ठीक छ । फाइल खोल्ने मात्र हो भने सरकारको दिन गन्ती सुरू हुन्छ ।

■ **रवि लामिछाने**
सभापति, रास्वपा

त्यो सुन कुनै सूचनाको आधारमा बरामद गरियो होला नि त । सूचनाको स्रोत को हो ? स्रोतले त्यसमा को-को संलग्न छ भन्ने सूचना दिएन होला ?

■ **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

गृहमन्त्री र अर्थमन्त्रीले फेरि त्यही विचरा भुजेललाई पक्रिएर मुख्य नाइकेलाई नपक्री बस्छु भन्ने सोच्नुभएको छ भने म यो सदनभित्रै आमरण अनसन बस्ने घोषणा गर्न चाहन्छु ।

■ **सुनिल शर्मा**
सांसद, नेपाली कांग्रेस

■ जेबी योञ्जन

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारबाट पास भएपछि पक्राउ गरिएको एक क्विन्टल सुन प्रकरणले संसद् तताएको छ । बुधबारको प्रतिनिधिसभा बैठकमा सत्तापक्ष र विपक्षी दलका सांसदहरूले उक्त तस्करीको सुनका मुख्य नाइके खोजेका छन् ।

एक जना चिनियाँ नागरिकबाहेक भरिया, गोदाम व्यवस्थापक, गाडी चालकदेखि भन्सार कर्मचारी र भन्सार एजेन्टमात्रै पक्राउ परेका बेला बुधबार तस्करका मुख्य नाइकेको खोजी संसद्मा भएको हो । अघिल्ला सुन काण्डहरूमा सुनका मालिक अर्थात् मुख्य नाइके जोगिन्थे । यसपटक पनि जोगाउन सक्ने आशंकामा सांसदहरूले सुन तस्करका मुख्य नाइके खोजेका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले बुधबारको बैठकमा अवैध सुन आयात प्रकरणमा संलग्न मुख्य दोषीलाई जुनसुकै हालतमा पक्राउ पर्नुपर्ने बताए । विमानस्थल बाहिर ट्याक्सीमा सुन आएको थाहा पाएपछि त्यहीँ नसमातेर ट्याक्सी मालिककोमा पुगेपछि समातेको भए मालिक पक्राउ पर्नसक्नेतर्फ किन ध्यान नपुऱ्याएको भन्दै उनले प्रश्न गरे । सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवासको जग्गा प्रकरणलगायतमासमेत जरोसम्म नपुगेर गिजोल्ने काममात्र गरेको आरोप लगाएका लामिछानेले केही कर्मचारीलाई सरुवा गरेर सुन तस्करी प्रकरणलाई टार्न नपाइने बताए ।

'भ्रष्टाचारविरुद्ध चालेको कदममा साथ दिँदा फाइदाका रूपमा मात्र नलिइयोस् । जरोसम्म पुग्ने साहस लिएको हो भने ठीक छ,' लामिछानेले चेतावनी दिए, 'फाइल खोलेको गन्नमात्र सुरु गरेको हो भने सरकारको दिन गन्ती सुरु हुन्छ ।' उनले एकातिर मुख्य सुन तस्कर (मालिक)लाई पक्राउ गर्न सरकारलाई दबाब दिँदा अर्कातिर भ्रष्टाचार काण्डको अनुसन्धान गम्भीररूपमा अघि बढाउनुपर्ने चेतावनीसहितको सुझाव दिए । रास्वपाले प्रतिनिधिसभामा सुन काण्डको अनुसन्धान गराउन सार्वजनिक महत्त्वको प्रस्तावसमेत दर्ता गरेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले पनि सुन तस्करको मालिक पक्राउ गर्नुपर्नेमा सरकारलाई दबाब दिए । उनका अनुसार सरकारले चाहे त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलबाट भइरहेको सुन तस्करीको जरो (मालिक)सम्म पुग्न सक्छ ।

'त्यो सुन कुनै सूचनाको आधारमा बरामद गरियो होला नि त । सूचनाको स्रोत को हो ?,' आक्रोशित हुँदै लिङ्देनले गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई सोधे, 'स्रोतले त्यसमा को-को संलग्न छ भन्ने सूचना दिएन (बाँकी पृष्ठ २ मा)

---

सन्दर्भ : वैदेशिक रोजगार

एचआरडी कोरियाको चेतावनी

# 'इपिएस भाषा परीक्षामा अवरोध गरे रोजगारीको अवसर गुम्नसक्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य रहेको दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) भाषा परीक्षा सञ्चालनमा अवरोध सिर्जना भए थुप्रै नेपाली युवाले रोजगारीको अवसर गुमाउन सक्ने चेतावनी दिएको छ । केही दिनअघि इपिएस भाषा परीक्षा उत्तीर्ण गरी रोजगारीका लागि रोस्टरमा रहेका 'कोरिया रिटर्नी'हरूले आफूहरूलाई कोरिया नपठाए इपिएस भाषा परीक्षा रोक्ने चेतावनी दिएसँगै कोरिया सरकारले यस्तो चेतावनी दिएको हो ।

ह्युमन रिसोर्स डिपार्टमेन्ट कोरिया (एचआरडिके) अन्तर्गत इपिएस सेन्टर नेपालका प्रमुख किम उन दकले एक विज्ञप्ति जारी गर्दै इपिएस लागू गरेका सबै १६ वटै मुलुकका लागि एउटै नियम रहेको भन्दै नेपालका लागिमात्रै विशेष व्यवस्था हुन नसक्ने उल्लेख गरेका छन् । उनले रिटर्नीहरूको विरोधका कारण परीक्षा र कोरिया प्रवेशमा असर परे परीक्षा तयारी गर्दै गरेका धेरै युवाले अवसर गुमाउने चेतावनी दिएका छन् ।

कोरियाली रोजगारदाताले पारिश्रमिक दिने भएकोले विदेशी श्रमिक छनोट गर्दा उनीहरूको राय सबैभन्दा महत्त्वपूर्ण हुने भन्दै जबरजस्ती रिटर्नीहरूलाई छनोट गर्न लगाउन नसकिने किमले प्रस्ट पारेका छन् । 'रोस्टरमा भएका श्रमिकहरू नसकुन्जेल परीक्षा स्थगित गराएर सायद केही रिटर्नीहरू कोरिया जान पाए पनि रोजगारदाताले चाहेको श्रमिक रोस्टरमा नभए अरु राष्ट्रबाट श्रमिक छनोट गर्न सक्छन् भन्ने विषयलाई ध्यानमा राख्नुपर्छ,' उनले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

रिटर्नीहरूले दाबी गरेजस्तो सत्यता नभएका विषयहरू धेरै रहेको भन्दै उनले मार्चमा रिटर्नीहरूको प्रतिनिधिहरूलाई भेट्दा रिटर्नीहरूलाई रोस्टरमा नराखेको, रोजगारस्थलमा सिफारिस नगरेको दाबी गरे पनि यसको सत्यतथ्य जाँच गर्दा गत वर्ष उत्तीर्ण भएकाहरू सबै रोस्टरमा चढिसकेको र रिटर्नीको सिफारिस दर लगभग २७ प्रतिशत जति रहेको पाइएको उल्लेख गरेका छन् । 'रोजगारदातालाई आवश्यक संख्याभन्दा तीन गुणा बढी सिफारिस गरिने भएकोले रिटर्नीभन्दा नयाँ श्रमिकहरूलाई काममा लिन रुचाइएकोले साँच्चैको रोजगारी पाएका रिटर्नीको संख्या निकै कम देखिएको छ,' किमले भनेका छन् ।

रिटर्नीहरूको तुलनामा नयाँ परीक्षा उत्तीर्ण भएकाहरूको रोजगारी दर नेपालमा मात्र नभई १६ वटै राष्ट्रमा साझा रूपमै न्यून रहेको किमले जनाएका छन् ।

हाल नेपालमा परीक्षा पारदर्शी हुनुका साथै कोरियामा जाने नेपाली श्रमिकको संख्या ठूलो भएकाले १६ राष्ट्रमध्ये उत्कृष्ट उदाहरण बनेको किमको भनाइ छ । सन् २०२३ जुलाई १९ सम्म १४ हजार ३५९ जना नेपाली श्रमिक कोरिया प्रवेश गरिसकेको जनाउँदै जसमा नयाँ १० हजार ११४ जना र चार हजार २४५ जना प्रतिबद्ध श्रमिक रहेको बताइएको छ ।

सन् २०२२ मा १४ हजार ४९५ जना नेपाली कोरिया प्रवेश गरेका उल्लेख गर्दै इपिएस प्रणाली लागू भएका मुलुकमध्ये कोरिया प्रवेश गर्ने सबैभन्दा बढी नेपाली श्रमिक रहेको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ । सन् २०२३ मा इपिएस लागू गरिएका सबै मुलुकबाट एक लाख १० हजार श्रमिक भित्र्याउने कोरियाको योजना छ । किमले पछिल्लो समयमा इपिएससम्बन्धी सत्य तथ्यभन्दा फरक विषयवस्तुहरू आएकोले त्यसको यथार्थ जानकारी दिन पनि विज्ञप्ति जारी गर्नुपरेको उल्लेख गरेका छन् ।

# आकर्षण इन्टरनेसनलले शून्य लागतमै पठायो १८७५ श्रमिक

**काठमाडौं (प्रस)–** आकर्षण इन्टरनेसनल प्रालिले गत अर्थिक वर्ष २०७९/८० मा एक हजार ८७५ जना नेपाली श्रमिकलाई शून्य लागतमा मलेसिया पठाएको जानकारी दिएको छ । नेपाल सरकारले लागू गरेको 'फ्रि भिसा, फ्रि टिकट'को नीतिअनुसार म्यानपावर कम्पनीले सेवा शुल्कबापत १० हजार रूपैयाँ लिन पाउँछन् । तर, आकर्षण इन्टरनेसनलले मलेसिया जाने श्रमिकलाई कुनै शुल्क नलिई शून्य लागतमा पठाएको जानकारी दिएको छ ।



बुधबार राजधानीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा न्यायोचित नियुक्तिको प्रक्रिया अवलम्बन गरी पूर्णतया कुनै पनि शुल्क नलाग्ने गरी शून्य लागतमा नै श्रमिकहरूलाई वैदेशिक रोजगारीमा पठाइएको कम्पनीका अध्यक्ष विष्णु केसीले जानकारी दिए । उनका अनुसार गत आर्थिक वर्षमा उक्त म्यानपावरमार्फत एक हजार ८७५ जना रोजगारीका लागि मलेसिया पुगेका छन् । जसमा एक हजार ६५४ जना पुरुष र २२१ जना महिला रहेका छन् ।

'शून्य लागतमा कामदार पठाएको जानकारीसहितको पत्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड तथा विदेशस्थित नेपाली दूतावासलाई बुझाइसकेका छौं,' उनले भने, 'श्रमिक विदेश जाँदा निःशुल्क र पारदर्शी तरिकाले जान पाउनुपर्छ भन्ने मान्यताका साथ आजै (बुधबार) श्रमसचिव केवल भण्डारीलाई भेटेर यसबारे अवगत पनि गरायौं ।' श्रमिकको सम्पूर्ण हक अधिकार र सुरक्षाको प्रत्याभूति गराउँदै वैदेशिक रोजगारमा पठाएको उनले बताए । श्रमिकहरूलाई विदेश जाँदा लाग्ने सम्पूर्ण खर्च जस्तैः भिसा, टिकट, मेडिकल, बिमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष आदिका साथै अन्तर्वार्तादेखि उडानसम्मको प्रक्रियामा आउने-जाने गाडी भाडा, खाना, बस्ने व्यवस्था एवं राहदानीबापतको शुल्कसमेत भुक्तानी दिँदै आएको अध्यक्ष केसीले दाबी गरे ।


जनहितमा जारी सन्देश




लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

तथ्यांकमा काठमाडौं जिल्ला

# जनघनत्व र जनसंख्या सबैभन्दा बढी

■ हेमन्त जोशी



**काठमाडौं–** राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार संघीय राजधानी काठमाडौं सबैभन्दा धेरै जनसंख्या र जनघनत्व भएको जिल्ला हो । देशका अरू जिल्लाको तुलनामा काठमाडौंमा सबैभन्दा धेरै २० लाख ४१ हजार ५८७ जनसंख्या रहेको छ । सबैभन्दा कम जनसंख्या भएको जिल्ला भने मनाङ हो । मनाङको जनसंख्या पाँच हजार ६५८ जना छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनघनत्व प्रतिवर्ग किलोमिटर १९८ जना छ । दश वर्षअघि अर्थात् २०६८ सालको जनगणनामा जनघनत्व प्रतिवर्ग किलोमिटर १८० जना थियो । अहिले तराई क्षेत्रमा प्रतिवर्ग किलोमिटर ४६० र हिमाली क्षेत्रमा प्रतिवर्ग किलोमिटर ३४ जना जनघनत्व रहेको छ ।

जिल्लागत रूपमा भने सबैभन्दा धेरै जनघनत्व काठमाडौंमा रहेको छ । काठमाडौंमा प्रतिवर्ग किलोमिटर पाँच हजार १६९ जना रहेका छन् । सबैभन्दा कम जनघनत्व मनाङमा छ । मनाङमा प्रतिवर्ग किलोमिटर तीन जनामात्रै जनघनत्व रहेको छ । काठमाडौंको जनसंख्या हेर्दा १० लाख ३५ हजार ७२६ जना पुरुष र १० लाख पाँच हजार ८६१ जना महिला रहेका छन् ।

काठमाडौंमा प्रतिघरधुरी औसत जनसंख्या ३.७५ जना छ । यहाँको जनसंख्यामा सबैभन्दा धेरै २० देखि २४ वर्ष उमेर समूहका व्यक्तिको संख्या दुई लाख २६ हजार ६६० जना छ । जुन काठमाडौं जिल्लाको कूल जनसंख्याको ११.१० प्रतिशत बराबर हो । त्यस्तै, २५ वर्षदेखि २९ वर्ष उमेर समूहको जनसंख्या दुई लाख १५ हजार १२० जना छ । यो जिल्लामा ९० वर्ष माथिका ९८० जना हुनुहुन्छ । काठमाडौं जिल्लामा मात्र पाँच लाख ४२ हजार ८९२ परिवार बसोबास गर्छन् । जसमध्ये तीन लाख ६२ हजार १४७ परिवारको मूली पुरुष र एक लाख ८२ हजार ७२० परिवारको घरमूली महिला रहेका छन् ।

काठमाडौंमा कूल विवाहितको संख्या १७ लाख ८८ हजार ६२ जना छ । जसमध्ये विवाहित पुरुषको संख्या आठ लाख ९८ हजार ३५२ र विवाहित महिलाको संख्या आठ लाख ८९ हजार ७१० जना रहेको छ । यहाँ ४६ हजार ९६ विधवा र नौ हजार ७५५ विदुर रहेका छन् । एक हजार ३३८ जना पुरुष र दुई हजार ८४४ जना महिलाले पारपाचुके गरेर बसेको तथ्यांकमा उल्लेख छ ।

यो जिल्लामा पाँच वर्षभन्दामाथि उमेरका ५२ हजार ९५२ जना पुरुष र एक लाख ४४ हजार ३९५ जना महिला गरी कूल एक लाख ९७ हजार ३४७ जनाले लेख्न र पढ्न सक्दैनन् । एक लाख ४९ हजार ८६ जना पुरुष र एक लाख ३४ हजार ५६ जना महिलाले प्राथमिक तहको मात्रै शिक्षा लिएका छन् ।

खाना पकाउनका लागि काठमाडौंका १० हजार २७५ परिवारले अहिले पनि दाउरा प्रयोग गर्ने गरेको देखिएको छ । त्यस्तै, पाँच लाख २६ हजार ९३१ परिवारले खाना पकाउने ग्यास, चार हजार ६९४ परिवारले बिजुली, ५६१ परिवारले बायो ग्यास, १५७ परिवारले मट्टितेल र २७४ परिवारले अन्य स्रोत प्रयोग गर्छन् ।

काठमाडौंका ५७५ परिवारले शौचालय सुविधा पाउन सकेका छैनन् भने एक हजार ३०५ परिवारले सार्वजनिक शौचालय प्रयोग गर्छन् । काठमाडौं जिल्लामा १० वर्ष उमेर समूहभन्दा माथिका तीन लाख ४९ हजार २७४ जना पुरुष र पाँच लाख तीन हजार २८१ जना महिला गरी आठ लाख ५२ हजार ५५५ जना कुनै पनि आर्थिक कार्यमा नजोडिएको राष्ट्रिय जनगणनाको तथ्यांकले उल्लेख गरेको छ ।

पछिल्लो एक वर्षमा कुनै पनि आर्थिक आर्जनको क्रियाकलापमा नजोडिएका व्यक्तिमध्ये तीन लाख ७६ हजार ९५४ जना विद्यार्थी, एक लाख ९८ हजार ६३० जना घरायसी काममा लागेका व्यक्ति, ६३ हजार १०३ जना वृद्ध तथा १६ हजार ११ जना शारीरिकरूपमा अशक्त छन् । पाँच लाख १२ हजार ४२७ जना जागिरमा रहेको, ३२ हजार ३८८ जनाले अरुलाई जागिर दिइरहेको, दुई लाख ८२ हजार ५५२ जनाले आफ्नो व्यवसाय सञ्चालन गरिरहेको र एक लाख आठ हजार १३ जनाले पारिवारिक व्यवसायमा सघाइरहेको उल्लेख गरिएको छ ।

अठार वर्षभन्दा मुनिका बालबालिकाको संख्या पाँच लाख आठ हजार ३९९ जना रहेकोमा आमाबुबा दुवै अविभावकसँग बस्नेको संख्या चार लाख दुई हजार १७४, आमासँग मात्रै बस्नेको संख्या ५५ हजार ३६९, बुबासँग मात्रै बस्नेको संख्या सात हजार २००, बुबा र सौतेनी आमासँग बस्नेको संख्या ८७७, आमा र सौतेनी बुबासँग बस्नेको संख्या २२८, अन्य नातेदारसँग बस्नेको संख्या २८ हजार ३४३ र रोजगारदाताले पालनपोषण गरिरहेकाको संख्या ९७१ जना रहेको छ ।

काठमाडौंमा दुई लाख ५८ हजार १३८ आवासीय प्रयोजनका, २४ हजार ४७६ वटा व्यावसायिक तथा व्यापारिक प्रयोजनका, तीन हजार १७५ वटा सरकारी, तीन हजार १२५ वटा शैक्षिक, ६६७ वटा स्वास्थ्य क्षेत्रका, तीन हजार ८९२ वटा उद्योग क्षेत्रका, ६६४ वटा बैंक तथा वित्तीय क्षेत्रका, तीन हजार २४ वटा होटल तथा लज, चार हजार २७६ वटा भण्डारण तथा गोदाम रहेका भवन रहेका छन् । *रासस*

## कांग्रेस महासमिति...

पृष्ठ १ बाट जारी

लाइभ गर्ने निर्णय देउवाले गरेका थिए । जसकारण होला देउवा पहिलो दिनबाटै खुसी देखिन्थे । पार्टीमा आफू बलियो देखिने गरी केन्द्रीय सदस्यहरूले प्रशंसा गरेपछि देउवा खुसी भएका छन् ।

बैठकमा सबै केन्द्रीय सदस्यहरूलाई जनताले चिनेकोसमेत उनको भनाइ थियो । 'कांग्रेसमा एकसे एक साथीहरू हुनुहुन्छ । लाइभ्ली देखाउँदा धेरैलाई थाहा भयो । कांग्रेसमा कोहीभन्दा कोही कम छैन भन्ने कुरा दुनियाँले बुझेको छ,' देउवाले भने ।

### निर्णयमा गडबडी, कड्किए देउवा

बुधबार महामन्त्री शर्माले केन्द्रीय समितिको निर्णय सुनाए । निर्णयमा धेरै विषय छुटेको भन्दै केन्द्रीय सदस्यहरूले संशोधनको सुझाव दिँदै थिए । यहीबीचमा अर्थमन्त्रीसमेत रहेका प्रवक्ता डा. प्रकाशशरण महतले सम्झाए महामन्त्री शर्मालाई । 'कांग्रेसकै नाउ गरेर नेतृत्वलाई गाली गर्ने गरी राख्ने पेज हटाउनुपर्छ भन्ने प्रस्तावमै थियो । त्यो आएन । कसरी हट्यो ? पूरै छुट्यो । पढ्दाखेरि पनि पढ्नुभएन,' महतले भने, 'अनुगमन सम्बन्धमा महामन्त्रीजीले नै नियुक्त गर्ने भन्ने कुरा पनि त्यो त पार्टी सभापतिको सल्लाहमा हुनुपर्छ नि त्यो पनि पहिले थिएन । आफ्नो हिसाबले थपिएजस्तो छ ।'

महतले आपत्ति जनाएपछि शर्मातिर हेर्दै देउवा जंगिए, 'आफैंले थपेको ? सल्लाह गरेर गर्नुपर्‍यो नि ।'

पार्टीमा थप संशोधनका विषय उठाउँदै थिए केन्द्रीय सदस्यहरूले । त्यहीबेला परराष्ट्रमन्त्रीसमेत रहेका एनपी साउदको नाम लिँदै कड्किए देउवा । 'मलाई भन न के हो त्यो । ल्याऊ यहाँ । मलाई ल्याऊ । शेरबहादुर भन्ने मान्छे थाहा छ कि छैन । शेरबहादुर भन्ने मान्छे चिन्या छ ? ल्याऊ न भन्या प्रस्ताव,' कड्किँदै देउवाले भने ।

संशोधनमा व्यक्तिको नाम जोडेर आएकोले पछि संशोधन गर्ने निर्णयसहित बैठक सकाउन डा. मीनेन्द्र रिजालले आग्रह गरे देउवासँग । 'छुट्या कुरा भन्छ त मान्छेले ?,' देउवाले तुरुन्तै जवाफ फर्काए ।

### के के भए निर्णय ?

यसपटक गत भदौ ५ पछि एकैपटक साउन २ गते केन्द्रीय कार्यसमिति बैठक बस्यो । विधानमा दुई महिनामा एक पटक केन्द्रीय कार्यसमितिको बैठक बस्नै पार्ने प्रावधान छ । तर, यसपटक करिब वर्ष दिनपछिमात्र बैठक डाक्दा देउवाको चर्को आलोचना भयो । यसै कारण पार्टीमा सभापति देउवाको चर्को आलोचना भयो । त्यसैले हो महामन्त्री थापाले पार्टीको क्यालेण्डरमै प्रस्ताव गरे- बैठक हरेक दुई महिनाको पहिलो हप्ता बस्ने ।

यही प्रस्तावलाई केन्द्रीय समितिले अनुमोदनसमेत गरेको छ । पार्टी सभापति देउवाले अर्को बैठक असोज २ गते बस्ने जानकारी दिए। 'अब हरेक दुई महिनामा एकचोटि बैठक बस्नुपर्छ । अर्को बैठक असोज २ गते,' देउवाले भने ।

### १४ नेताको कारबाही फुकुवा

कांग्रेस केन्द्रीय समितिले १४ नेताको कारबाही फुकुवा गरेको छ । स्थानीय तह र संघ तथा प्रदेशसभा निर्वाचनमा बागी बनेका नेताहरूको कारबाही फुकुवा गरेको महामन्त्री शर्माले जानकारी दिए । जुम्ला देवेन्द्र शाही र सर्लाहीबाट जंगीलाल रायको कारबाही फुकुवा भएको छ । दुबै जना स्वतन्त्रबाट प्रदेश सभामा निर्वाचित भएका हुन् । त्यसैगरी जनकपुर उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, बर्दिबासका मेयर प्रल्हादकुमार क्षेत्री, उपमेयर तारादेवी महतो र चन्दननाथ नगरपालिकाका मेयर राजुसिंह कठायत लगायतमाथिको कारबाही फुकुवा गरेको भएको छ ।

यसैगरी कांग्रेसले पार्टीको सांगठनिक सुदृढीकरणका लागि साउन २० देखि ३० गतेसम्म आन्तरिक, भदौ १० देखि २४ गतेसम्म समुदायमा कांग्रेस 'राष्ट्रव्यापी अभियान' सञ्चालन गर्ने निर्णय गरेको छ ।

### मोसो दल्नेको सदस्यता खारेज

केन्द्रीय समितिको बैठकले आन्दोलनको क्रममा अमर्यादित व्यवहार, शारीरिक आक्रमण, मोसो दल्नेको सदस्यता खारेज गर्ने निर्णय गरेको छ । 'जातीय विभेद, घरेलु हिंसा या अन्य सामाजिक विसंगतिहरूमा प्रमाणित वा कुनै पनि प्रकृतिका माग अघि सारेर आन्दोलन गर्ने क्रममा अमर्यादित व्यवहार, शारीरिक आक्रमण, मोसो दल्ने घटनामा आबद्ध व्यक्तिको सदस्यता अविलम्ब खारेज हुन्छ,' महामन्त्री शर्माले भने ।

### फेक अकाउन्ट बन्द गरिने

कांग्रेसले पार्टीको नाममा खोलिएका फेक अकाउन्टमा कडाइ गरिने भएको छ । आफ्नै पार्टीको नाममा अकाउन्ट खोल्ने अनि नेताहरूमाथि जथाभावी लेखेको पाइएको भन्दै यस्तो कदम चाल्नुपर्ने आवश्यकता देखिएको कांग्रेसले जनायो । यसका लागि टोल कार्यसमितिले समेत सामाजिक सञ्जालमा अकाउन्ट खोल्नुपर्ने निर्णय गरेको छ ।

## सुन तस्करीको...

पृष्ठ १ बाट जारी

होला ? कि यो कुनै बाहच दबाब र सूचनाको आधारमा कसैलाई देखाउनकै निम्ति यो एक टिप सुन पक्रने काम भएको हो ?'

उनले भरिया, सुन व्यवस्थापकलगायतलाई मात्रै पक्राउ गरिएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । यसो हुँदा तस्करका नाइके जोगाउने खेल हुनसक्ने उनको आशंका छ । उनले भने, 'भरियालाई पक्रेर सुन तस्करका नाइकेहरूलाई जोगाउने काम नहोस् ।'

सांसदद्वय लामिछाने र लिङ्देनले मात्रै होइन, सत्तारूढ दल कांग्रेसकै सांसद रामहरि खतिवडाले पनि प्रहरी तस्करको नाइकेसम्म पुग्न नसकेको भन्दै रोष प्रकट गरे । नेपाल सुन तस्करीका लागि उर्वर भूमि हुन लागेको भन्दै जुनसुकै हालतमा प्रहरी नाइकेसम्म पुग्नुपर्नेमा जोड दिए । 'भरियालाई पक्रिएर मेन नाइकेलाई छोड्न हुँदैन,' संसद् बैठकमा खतिवडाले भने ।

कांग्रेसकै अर्का सांसद सुनिल शर्माले भने मुख्य नाइकेलाई नपक्रिए क्विन्टल सुन प्रकरणलाई सामसुम पार्नसक्ने भन्दै चिन्ता प्रकट गरे । यदि, त्यसो गरिएको अवस्थामा संसद् भवनभित्रै आमरण अनसन बस्ने शर्माले घोषणा गरे । सुन प्रकरण निकै गम्भीर विषय भएको उल्लेख गर्दै उनले गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री डा. प्रकाशशरण महतले राजीनामा दिनुपर्ने माग पनि गरे ।

'गृहमन्त्री र अर्थमन्त्री फेरि त्यही विचरा भुजेललाई पक्रिएर मुख्य नाइकेलाई नपक्री बस्छु भनेर सोच्नुभएको छ भने म यो सदनमा घोषणा गर्न चाहन्छु- प्रधानमन्त्रीको आगमनपछाडि उहाँहरूले पक्राउ गर्नुभएन भने यो सदनभित्र म आमरण अनसन बस्ने घोषणा गर्न चाहन्छु,' शर्माले बैठकमा भने ।

अन्य सांसदहरूले पनि सुन तस्करका नाइके पक्राउ गर्नुपर्ने भन्दै सरकारलाई दबाब दिए ।

जवाफमा सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेलले सुन काण्डमा टाउको नदुखाउन अन्य दलका सांसदरूलाई आग्रह गरे । उनले सुन प्रकरणसहित अगाडि बढेका भ्रष्टाचारका अन्य फाइलहरू खोल्ने क्रममा दोषी करार हुने गरीका प्रमाण जरोसम्म पुग्न आवश्यक रहेको र यस कार्यमा सरकारले कसैको अनुहार र कुनै दल हेर्न नहुने सुझाए ।

'सुन तस्करीमा सत्तारूढ दलकै कतिपय नेताहरू दोषी रहेको भनी समाचारहरू प्रकाशन भएको भनी विपक्षी दलहरूले प्रश्न उठाएका थिए,' पौडेलले भने, 'माछा सानो ठूलोको प्रसंग होइन यहाँ । दोषीलाई कारबाही गर्ने कुरा हो, दोषीलाई कारबाही गर्दा खुसी हुनुपर्ने हो नि ।'

### एमालेको अवरोध

संघीय संसद्को प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले संसद् अवरोध गरेको छ । विमानस्थल सुन काण्डको निष्पक्ष अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै एमाललेले संसद् अवरुद्ध गरेको हो । छानबिन समिति गठनका लागि सभामुख घिमिरेबाट रुलिङ नभएको भन्दै एमालेले प्रतिनिधिसभाको बुधबारको बैठक कार्यसूचीअनुसार अघि बढ्न दिएन ।

सभामुखले आकस्मिक समय सकिएपछि शून्य समयमा बैठकलाई अगाडि बढाउन खोजेका थिए । त्यहीबेला एमाले सांसदहरू बेल घेर्न पुगे । उनीहरूले नाराबाजीसमेत गरे । एमालेको विरोधका कारण सभामुख घिमिरेले कार्यसूचीमा भएका विषयहरू हटाए । अनि, बैठक स्थगित गरे । प्रतिनिधिसभाको अर्को बैठक यही १५ साउनमा बस्ने भएको छ ।

एमालेका सांसद ठाकुर गैरेले सुन तस्करी छानबिनका लागि उच्चस्तरीय समिति गठनको सुनिश्चितता नहुँदासम्म सदन चल्न नसक्ने बताए । सुन तस्करी भइरहने तर भरिया समातेर सामसुम पार्ने प्रवृत्ति विगतमा देखिएकाले पुनः दोहोरिन नदिन छानबिन समिति गठन हुनुपर्ने उनको भनाइ छ ।


## खाणबारे...

पृष्ठ १ बाट जारी

बुझाएको छु । साथै सुशासन र भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा बैठकमा राखेको मेरो फरक मत लिखितरूपमा दर्ज गरेको छु,' गगनले भनेका छन् । उनले राजनीतिक दलले फौजदारी मुद्दामा अभियोग दायर हुनु गम्भीर विषयको रूपमा लिनुपर्ने आफ्नो फरक मतमा लेखेका छन् ।

'नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका तथा अनुसन्धानको दायरामा आएका कुनै पनि तहका नेता, कार्यकर्ता वा सदस्यलाई पार्टीबाट निलम्बन गरौं,' उनले भनेका छन्, 'जसरी संसद्बाट निलम्बन हुन्छ त्यसरी पार्टीबाट पनि हुन्छ । यो नै विधिको शासन र विधिशास्त्रको मान्यता हो ।' केन्द्रीय समितिमा अधिकांश नेताहरू खाणको बचाउमा उत्रिएका थिए । खाण नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा असार १ बाट पुर्पक्षका लागि थुनामा छन् ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

साउन ११ गते २०८०, बिहीबार

| | |
|---|---|
| मेष | विद्यार्थीका लागि राम्रो योग छ । |
| वृष | रोकिएको काम बन्नेछ । |
| मिथुन | टाढाको यात्रा फलदायी ह'नेछ । |
| कर्कट | सामाजिक कार्यमा समय बित्नेछ । |
| सिंह | शैक्षिक प्रगति तर आर्थिक क्षति ह'नसक्छ । |
| कन्या | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| तुला | नयाँ कामको थालनी ह'नेछ । |
| वृश्चिक | सवारीसाधन चलाउँदा ध्यान दिन'होला । |
| धनु | मित्रजन र आफन्तसँग भेटघाट ह'नेछ । |
| मकर | आर्थिक क्षेत्रमा प्रगति ह'नेछ । |
| कुम्भ | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| मीन | नजिकको मान्छेबाट धोका ह'नसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन ११ गते, २०८०, २७ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङ्गेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**बासका सामग्री बनाउँदै विद्यार्थी** | बाँसका सामग्री बनाउँदै जानकी माध्यामिक विद्यालय पोखरा–१७ का विद्यार्थी। विद्यालयले सञ्चालन गरेको पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत उनीहरू बिदाको सदुपयोग गर्दै बाँसका सामग्री बनाउने सीप सिक्ने गरेका छन्।

*तस्बिरः हरिप्रसाद बास्तोला/ रासस*

गण्डकी प्रदेशसभा

# विषयगत समितिको नेतृत्वमा दलका आ–आफ्नै दाबी

**गण्डकी–** गण्डकी प्रदेशसभामा विषयगत समिति गठनका लागि दलहरू आन्तरिक छलफलमा जुटेका छन्। प्रदेशसभाका चार समितिको नेतृत्वमा दलहरूले आ-आफ्नै दाबी अघि सारेका छन्। प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले दुई समितिको सभापति आफूले पाउनुपर्ने माग गरिरहेको छ।

सार्वजनिक लेखा समितिसहित दुई समितिको नेतृत्वमा प्रमुख प्रतिपक्षी नेकपा एमालेले दाबी गरेको छ। सत्ता गठबन्धनको दोस्रो ठूलो घटक नेकपा माओवादी केन्द्रले अर्थ तथा विकास समितिको सभापति आफूले पाउनुपर्ने जनाएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले प्रदेशसभाको सबैभन्दा ठूलो दलका हिसाबले समितिको सभापति लिनेमा कांग्रेसको दाबी स्वाभाविक भएको बताइन्। 'सार्वजनिक लेखा समिति प्रमुख प्रतिपक्षीले पाउने कुरा पक्का जस्तै छ, यो संसदीय प्रचलन पनि हो, बाँकी तीन समितिको नेतृत्व कांग्रेस र माओवादी मिलेर टुंगो लगाउँछौं,' उनले भनिन्।

नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले प्रदेशसभामा दलीय हैसियतअनुसार समितिको सभापति चयन हुनुपर्ने बताए। 'प्रदेशसभामा एमाले दोस्रो ठूलो दल हो, दुई समितिको सभापतिमा हाम्रो दाबी रहन्छ,' उनले भने, 'समिति गठनलाई छिटो टुंग्याएर प्रदेशसभालाई थप गतिशील र प्रभावकारी बनाउनुपर्छ।'

उनले अब सरकारले ल्याउने विधेयक विषयगत समितिमा छलफल भएपछिमात्र प्रदेशसभामा लैजानुपर्ने बताए। माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक कुसुम बुढाले समितिमा पठाउने सदस्यका विषयमा दलभित्र आन्तरिक गृहकार्य भइरहेको बताए। उनले अर्थ तथा विकास समितिमा माओवादीको दाबी रहने बताए।

प्रदेशसभा सचिवालयका प्रवक्ता प्रेम सुवेदीले प्रदेशसभा बैठकले पारित गरेको प्रदेशसभा नियमावली सभामुखबाट प्रमाणीकरण भएपछि समिति गठनको प्रक्रिया अगाडि बढ्ने बताए। 'एक/दुई दिनभित्रैमा सभामुखज्यूबाट प्रदेशसभा नियमावली प्रमाणीकरण हुन्छ, त्यसपछि सभामुखज्यूले समिति गठनको प्रस्ताव गर्नुहुन्छ,' उनले भने, 'अहिले सदन स्थगित छ, अबको बैठकमा समितिको विषयले प्रवेश पाउँछ, अब विषयगत समिति गठनमा ढिलाइ हुँदैन।'

प्रदेशसभा नियमावली समयमा नबन्दा दोस्रो कार्यकाल सुरु भएको सात महिनापछि बल्ल विषयगत समिति गठन हुन लागेको हो। 'मिनी ससंद्'ले चिनिने विषयगत समिति गठनमा ढिलाइ हुँदा सरकारले ल्याउने विधेयक दोहोरो बहस र छलफलविनै सोझै प्रदेशसभा बैठकबाट पारित हुँदै आएको थियो। प्रदेशसभा सदस्यहरू नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका थिएनन्।


प्रदेशसभा नियमावलीमा रहेको प्रावधानअनुसार विषयगत समितिको गठन प्रक्रिया अगाडि बढ्ने प्रवक्ता सुवेदीले बताए। 'सभामुखज्यूले समितिका सदस्यको संख्या तोक्नुहुन्छ, अनि दलहरूबाट समितिमा बस्ने सदस्यहरूको नाम माग्नुहुन्छ,' उनले भने, 'गठन भएको समितिले नै पछि सभापति चयन गर्छ, पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्छ।'

सरकार फेरबदललगायत राजनीतिक घटनाक्रमले प्रदेशसभा नियमावली मस्यौदा समितिको काम प्रभावित हुँदा विषयगत समिति गठन पनि पछाडि धकेलिँदै आएको थियो। नियमावलीमा चार विषयगत समितिको व्यवस्था छ। पहिले रहेका विषयगत समितिका नाम र कार्यविभाजनमा हेरफेर गरिएको छ।

प्रदेशसभा अब अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानुन समिति र सामाजिक विकास तथा कृषि समिति रहनेछ। पहिलेको विधायन समिति हटाइएको छ भने सामाजिक विकास तथा कृषि समिति नयाँ थप भएको हो।

वि.सं. २०७४ को प्रदेशसभा नियमावलीमा व्यवस्था भएबमोजिम प्रदेशसभाको अघिल्लो कार्यकालमा विधायन, सार्वजनिक लेखा, अर्थ तथा विकास र प्रदेश मामिला गरी चारवटा विषयगत समिति क्रियाशील थिए। *रासस*

# बन्दीपुरका १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा



**दमौली–** तनहुँको पर्यटकीय नगरी बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेको छ। गाउँपालिका र मदानी मिडिया प्रालिको सहकार्यमा उक्त सूचना सात भाषामा तयार गरिएको हो। ती सूचनाहरू अब गाउँपालिकाका विभिन्न स्थानमा 'क्युआर स्क्यान' गरी पढ्न तथा सुन्न सकिने भएको छ।

बन्दीपुर घुम्न आएका पर्यटकहरूलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्ने उद्देश्यसहित सहकार्य गरिएको बन्दीपुर गाउँपालिकाका प्रमुख सुरेन्द्र थापाले जानकारी दिए। मदानी मिडियाका अध्यक्ष विष्णुकान्त घिमिरेले क्युआर कोडसहितको सूचना गाउँपालिका अध्यक्ष थापालाई बुधबार हस्तान्तरण गरेका छन्।

गन्तव्यबारे जानकारीहरू नेपाली, अंग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेञ्चलगायतका भाषामा तयार पारिएको छ। बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), विन्ध्यवासिनी मन्दिर, पद्य पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरक-फरक भाषामा तयार भएको अध्यक्ष थापाले बताए।

गाउँपालिकाका अध्यक्ष थापाले भने, 'बन्दीपुरमा स्वदेशी तथा विदेशी पर्यटकको बाक्लो चहलपहल हुन्छ। विदेशी पर्यटकलाई पनि सहज होस् भनेर विभिन्न भाषामा सामग्री तयार गरिएको हो।' बन्दीपुरमा विशेषगरी चीन, फ्रान्स, जर्मनबाट विदेशी पर्यटक आउने गरेका छन्। विदेशी पर्यटक यहाँको हावापानी, रहनसहन, रीतिरिवाज र पुरानो घर देखेर आकर्षित हुने गरेको व्यवसायी बताउँछन्।

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ। जहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ। प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ।

बन्दीपुरमा होटल संघसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालनमा छन्। बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, बोल्डइन, बन्दीपुर माउन्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालन छन्।

भक्तपुरे शैलीमा निर्माण गरिएका घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थलहरू यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ। बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले पनि पहल गरिरहेको छ। बन्दीपुर आउने पर्यटकको बसाइ लम्ब्याउन विभिन्न पूर्वाधार निर्माण गरिएको छ। *रासस*

# सम्पर्कविहीन २२ प्रहरीलाई तत्काल हाजिर हुन निर्देशन

**काठमाडौं (प्रस)–** प्रहरी प्रधान कार्यालय नक्सालले बिदा स्वीकृत नगराई कार्यालयमा हाजिर नभएका २२ जना प्रहरीलाई सात दिनभित्र सम्पर्कमा आउन आग्रह गरेको छ। एकजना हबल्दार, पाँचजना सहायक हबल्दार र १६ जना जवान लामो समयदेखि सम्पर्कबाहिर रहेको जनाइएको छ।

प्रहरी प्रधान कार्यालयले बुधबार एक सूचना प्रकाशित गरी हाजिर नहुनाका कारण खुल्ने सन्तोषजनक स्पष्टीकरणसहित सात दिनभित्र हाजिर हुन आग्रह गरेको हो। गैरहाजिरी रहेका एक हबल्दार, पाँच सहायक हबल्दार र १६ जना जवानलाई स्पष्टीकरणसहित सात दिनभित्र सम्पर्कमा आउन उक्त सूचनामार्फत प्रहरी प्रधान कार्यालयले निर्देशनसमेत दिएको छ। निर्देशन अटेर गरेमा सेवाबाट हटाइने सूचनामा उल्लेख गरिएको छ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ९४ साउन १० गते २०८० मा प्रकाशित Varsha Manpower Pvt. Ltd. को Lot No. 278238 को Emfam Integrated Technical Services Llc कम्पनीको विज्ञापनमा Cleaning Supervisor मा पुरुष कामदारको संख्या १ हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

1. Receptionist -1(F)

नोटः +2 pass, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ।

तलबः आपसी समझदारीमा

Himalayan Human Resources Nepal Pvt. Ltd.
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342, Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०३/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **(स्तुपा एडभेञ्चर प्रा.लि.)** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम " **अल नेपाल खेल संसार** प्रा.लि. (प्रा. लि. नं. २३४६२०)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEGAS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० LT. No. 279108 चलानी नं. ६०१९६९८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TIMES CERAMICA SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२० LT. No. 288830 चलानी नं. ६०२०५२२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 10 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ र १९ गते (3 & 4th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

AMCON OVERSEAS PVT LTD
श्रम इजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QBH HOSPITALITY & CLEANING SERVICES WLL.

पूर्व स्वीकृति मिति २०८०/०४/१० LT. No.289968 चलानी नं.६०२०५२१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 1 | 0 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | waiter | 0 | 1 | 1400 | ५०,४१० | | | | | | | |
| 3 | foreman | 2 | 0 | 1300 | ४६,८१० | | | | | | | |
| 4 | receptionist | 0 | 2 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १००१/०६८/६९
MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMERSEAL INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/११/०५ पूर्व स्वीकृति मिति : २०८०/०४/१० LT. No. 281151 चलानी नं. ६०१९६७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Ever Bright Overseas Pvt.Ltd.
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIANLI SPINNING (MAURITIUS) CO LTD

पूर्व स्वीकृति मिति : २०८०/०४/१० LT. No. 289859 चलानी नं. : ६०२०५२०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPINNER | 50 | 0 | 14000 | ३९,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAYIL SPICES LTD

पूर्व स्वीकृति मिति : २०८०/०४/१० LT. No. 289858 चलानी नं. : ६०२०५२०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Automatic Packing Machine Operator | 8 | 0 | 14000 | ३९,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Grinding Mill Technician | 8 | 0 | 14000 | ३९,८१० | | | | | | | |
| 3 | Motor Electrician | 4 | 0 | 14000 | ३९,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ३०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Max Employment Center Pvt. Ltd.
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बजेट कार्यान्वयनमा कडाइ गर

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा आइसकेको छ। अर्थ मन्त्रालयले बजेट कार्यान्वयनका लागि मार्गनिर्देशसमेत जारी गरिसकेको छ। यद्यपि, यस्तो मार्गनिर्देश हरेक वर्ष जारी हुने गरेकामा कार्यान्वयन भएको देखिएको छैन। औपचारिकतामै बढी सीमित हुने मार्गनिर्देश यो पालि पालना होला भन्नेमा ढुक्क हुने अवस्था छैन।

जेठ १५ मा बजेट ल्याई साउन १ गतेबाट कार्यान्वयन सुरु भएसँगै बजेटका लक्ष्यहरू पूरा हुनुपर्ने हो। तर, हरेक वर्ष बजेटको लक्ष्य भेट्टाउन सरकार चुक्दै आएको छ। गत आर्थिक वर्षमा पनि सोही नियति दोहारियो। र, चालु आवमा पनि त्यस्तो नहोला भन्न सकिन्न। आर्थिक वर्षको सुरुआतमा काम नगर्ने र अन्तिम समयमा हतारहतार बजेट खर्च गर्ने प्रवृत्तिबाट मुलुक उठ्न सकेको छैन। यसपटक अर्थमन्त्री डा. प्रकाशशरण महत साउनको सुरुदेखि नै बजेटको प्रभावकारी कार्यान्वयन गराउन लागिपरेका छन्।

देशका विभिन्न भन्सार र राजस्व कार्यालयको अवस्था बुझेर बुधबार फर्किएका अर्थमन्त्री महतले साउन १५ देखि नै समयसीमाअनुसार बजेट कार्यान्वयनलाई प्राथमिकता दिनका लागि सबै मन्त्रालयका सचिवलाई अर्थ मन्त्रालयमा सामूहिक छलफल गरेका छन्। छलफलमा मन्त्री डा. महतले डिपिआर भइसकेका आयोजनाको मात्रै ठेक्का प्रक्रियामा जाने गरी काम गर्न मन्त्री सचिवलाई निर्देशन दिए। उनले डिपिआरको मात्र बजेट माग्ने अथवा प्राथमिकताको आयोजना हो भने डिपिआर गरेर कात्तिकसम्म ठेक्का लगाउन सकिन्छ भनेमात्र आयोजना अगाडि बढाउन निर्देशन दिए। कातिकभित्र ठेक्का लगाउनैपर्ने उनको निर्देशन छ।

अर्थमन्त्रीको यो निर्देशन र पहल स्वागतयोग्य छ। तर, अब साँच्चिकै नतिजा आउला त भन्ने प्रतिक्षा गर्नैपर्छ। बजेटको लक्ष्यअनुसार खर्च र राजस्व संकलन गर्न नसक्दा सरकारको आलोचना भइरहेको छ नै, मुलुकको अर्थतन्त्र उकास्न र आर्थिक समृद्धिको लक्ष्यमा अगाडि बढ्नसमेत यसले प्रभाव पारिरहेको कुरा लुकेको छैन। कोरोना महामारीका कारण थलिएको अर्थतन्त्र अझै तंग्रिन सकेको छैन। त्यसैले अर्थतन्त्रलाई चलायमान बनाउँदै बजेटको लक्ष्यअनुसार अगाडि बढ्न सरोकारवाला सबै जिम्मेवार बन्नुको विकल्प छैन। समय भइञ्जेल आरामले बस्ने र अन्तिममा हतारहतार काम सकेर भुक्तानी दिने प्रवृत्ति अन्त्य गर्नैपर्छ। विगतमा बजेट समयमा नआउँदा लक्ष्यअनुसार खर्च गर्न नसकेको बताइन्थ्यो सोही कारण संविधानमै तोकियो बजेट ल्याउने मिति। तर पनि सुधार देखिएको छैन। यसमा कसको कहाँ कमजोरी छ भन्नेमा प्रायः सबै जानकार नै छ। त्यसैले ती कमजोरीलाई सुधार गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो। यस्तो सुधारका लागि सरोकारवाला सबै निकाय र अधिकारीमाथि कडाइ गरियोस्।

## मनन्योग्य

### चाणक्य नीति

रावीमा कैथियानहरूको (कठ) राज्य थियो। उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन्। कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो। धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो। कठ राज्य नगिचै सौभूति राज्य थियो। त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ। त्यो राज्यको शासन अत्यन्तै सशक्त छ। त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ। मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ। यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो। विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो। उसले व्यास नदी पार गर्न सकेन। तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे।

झोपडीका वरपर कुश उम्रिएको थियो। एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो। बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो। सबै कुश हातले उखल्न थाले। उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे। त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन्। मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन्। विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन्।

# साइबर सुरक्षाको चुनौती र प्रदेश सरकार



▶▶ गंगानारायण श्रेष्ठ

> संघीय नीतिमा तालमेल मिलाएर प्रदेश र स्थानीय विशेषताका आधारमा साइबर सुरक्षा रणनीति लागू गर्नुपर्ने हुन्छ। उक्त रणनीतिमा मेल खानेगरी ऐन कानुनहरु निर्माण गर्नुपर्ने हुन्छ। त्यस्तो विषयमा संघीय सरकारले प्रोत्साहित गर्ने नीति बनाउनुपर्ने हुन्छ। साइबर सुरक्षा प्रदेश सरकारको पनि क्षेत्राधिकारभित्रको विषय हो। त्यसैले साइबर सुरक्षाका बारेमा संघीय सरकारलाई मात्र पर्खिएर हुँदैन, प्रदेश सरकारले पनि केही गर्नुपर्छ भन्ने लागिपरेको छ।

विश्व समुदाय प्रविधिमैत्रीमात्रै छैन, प्रविधि नियन्त्रित पनि बन्दै गएको छ। यस्तो अवस्थामा साइबर सुरक्षाको महत्त्व झनै बढेर गएको छ। साइबर सुरक्षा यति पेचिलो विषय बन्दै छ कि आगामी दिनमा भौतिक आक्रमणका घटनाभन्दा बढी साइबर अपराधका घटना बढी हुनेछ। अबको दुनियाँमा आमनागरिक, प्रशासनिक संरचना र राजनीतिक नेतृत्वलाई डिजिटल साक्षर नबनाई सूचना प्रविधिको विकास र विस्तार हुनै सक्दैन।

डिजिटल साक्षरताको क्षेत्र आफैंमा व्यापक छ। युरोपेली संघले कुनै पनि व्यक्ति डिजिटल साक्षर हुन उसमा २१ वटा फरक-फरक क्षमता हुनुपर्छ भनेको छ। यस्ता २१ वटा क्षमतालाई पाँचवटा समूहमा छुट्टयाइएको छ। यीमध्येको एउटा समूह हो, डिजिटल सुरक्षा। डिजिटल सुरक्षालाई साइबर सुरक्षा भनेर पनि बुझिन्छ। इन्टरनेट वा डिजिटल प्रविधिको प्रयोगमा धेरै सुरक्षा चुनौती छन्।

राजनीतिक, सामाजिक र आर्थिक संरचनाका सबै तहमा साइबर सुरक्षाका चुनौती थपिँदै गएका छन्। एउटा व्यक्तिको तहदेखि, निश्चित समुदाय, क्षेत्र, देश र अन्तर्राष्ट्रिय स्तरसम्मै विभिन्न प्रकृति र प्रवृत्तिका साइबर सुरक्षाका नयाँ-नयाँ चुनौती आउन थालेका छन्। साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनुपर्ने हुन्छ। तीनै तहका सरकार, गैरसरकारी संस्था, निजी तथा व्यावसायिक प्रतिष्ठानहरू र आमनागरिकको सहकार्यले नै यसलाई सफलतातिर डोऱ्याउने हो।

कम्प्युटर प्रणालीमा रहेको डेटालाई विश्वमा सुनका रूपमा गणना गर्न थालिएको छ। त्यही सुनजस्तै महँगो डेटा इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र रहेका हुन्छन्। पछिल्लो समय इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र प्रवेश गरेर अनधिकृत रूपमा पहुँच स्थापित गरी चोरी गर्ने र क्षति पुऱ्याउने प्रवृत्ति बढ्दै गएको छ। त्यस्तो अनधिकृत पहुँच स्थापित गर्नुलाई साइबर अपराध मानिन्छ, त्यस्तो अनधिकृत पहुँच स्थापित गर्ने व्यक्ति वा समूहलाई साइबर अपराधी भनिन्छ। त्यस्तो अनधिकृत पहुँच स्थापित गर्न नदिने र अनधिकृत पहुँच स्थापित गर्नेलाई कानुनको दायरामा ल्याउने र अन्य सुरक्षाका उपाय अवलम्बन गरिने प्रणालीको विकास गर्नुलाई साइबर सुरक्षा भनिन्छ। डेटा र डिजिटल डिभाइसको सुरक्षा गर्न सक्दामात्र कुनै पनि समाज वा मुलुकले सुरक्षित महसुस गर्न सक्छ।

नेपाल प्रहरीको साइबर ब्युरोमा दर्ता हुने गरेका उजुरीका घटनामा भएको वृद्धिले यो तथ्यलाई पुष्टि गर्छ। साइबर अपराधका घटना नेपालमा बढिरहेका कारण काठमाडौं जिल्ला अदालतमा मात्रै सुनुवाइ हुँदै आएको साइबर अपराधसँग सम्बन्धित मुद्दालाई नेपालमा सबै जिल्ला अदालतमा सुनुवाइ गर्न सक्ने गरी नेपाल सरकारले निर्णय गरेको छ।

साइबर अपराध बढेसँगै साइबर सुरक्षालाई विकेन्द्रित गर्दै लैजानुपर्ने भएकाले प्रादेशिक संरचनालाई बलियो बनाउँदै लैजान सक्दामात्रै संघीयता सुदृढ हुनसक्छ। संघीयतालाई सुदृढ गरेर नै नेपाललाई बलियो बनाउन सकिन्छ। साइबर सुरक्षा प्रणालीलाई बलियो बनाउनका लागि केही सुरक्षाकर्मीलाई जिम्मेवारी सुम्पेर पुग्दैन। साइबर सुरक्षामा परिचालित सुरक्षाकर्मीलाई पनि समयानुकल प्रशिक्षित गरिराख्नुपर्छ। सूचना प्रविधि विषय नै यस्तो हो, जुन विषयमा एक पटक पढेर पुग्दैन, पलपलमा हुने विकास र परिवर्तनका बारेमा जानकारी हासिल गरिराख्नुपर्छ। साइबर सुरक्षामा खटिइने जनशक्ति अपडेट र अपग्रेड भइराख्नुपर्छ।

साइबर सुरक्षामा चुनौती खडा गर्ने समूह राष्ट्रिय तथा अन्तराष्ट्रिय जहाँ सुकैको हुन सक्छ। त्यो विषयमा संघसँग समन्वय गरी सामना गर्न सक्ने संयन्त्र प्रदेश तहमा आवश्यक हुन्छ। प्रदेशमा प्रादेशिक सूचना प्रविधि आकस्मिक सहायता समूह गठन गरी क्रियाशील तुल्याउनु पर्नेछ। त्यो समूहलाई प्रदेशभरका स्थानीय तहको साइबर सुरक्षाको नियमित अनुगमन गर्ने संयन्त्र बनाउन सकिन्छ।

साइबर सुरक्षामा आन्तरिक र बाह्य समन्वयको जिम्मेवारी संघीय सरकारले लिनुपर्छ। संविधानको मर्म पनि त्यही हो। सुरक्षा चुनौतीको आकलन गरी आवश्यक कारबाहीका लागि संघमा पठाउने, प्रदेशभित्रको साइबर सुरक्षा चुनौतीको सामना गर्ने र त्यसको मूल्यांकन गरी आपसी समझदारीमा आवश्यक कारबाही गर्न सक्ने नीतिगत व्यवस्था र संरचना हुन आवश्यक हुन्छ। साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनुपर्ने हुन्छ। त्यो काम प्रदेश र स्थानीय तहले जति तल्लो तहमा पुऱ्याउन सक्छन्, संघीय सरकारले सक्दैन। उदाहरणका लागि, सफ्टवेयरको विकासमा एकरूपता ल्याउने, डिजिटल सिग्नेचरलाई व्यवस्थित गर्ने, डेटा सुरक्षामा आवश्यक व्यवस्था गर्ने, त्यस्तो काम गर्न सक्ने जनशक्ति उत्पादन गर्न सीप र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ।

केन्द्रीय डेटा सेन्टरलाई सुरक्षित गर्न पनि प्रादेशिक तहमा साइबर सुरक्षा अप्रेसन सेन्टर राख्न आवश्यक हुन्छ। प्रादेशिक तहमा स्थापना हुने डेटा सेन्टरलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र डेटाको सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न पनि प्रदेश तहमा दक्ष जनशक्ति आवश्यक हुन्छन्। त्यसलाई प्रोत्साहन गर्ने नीति संघ र प्रदेशले बनाउनुपर्ने हुन्छ। डेटामाथि निगरानी राख्ने र प्रणालीमा कसैले क्षति पुऱ्याउन लागे नलागेको बारेमा अनुगमन गर्ने व्यवस्था गराउनुपर्ने हुन्छ। प्रदेश तहले गर्न सक्ने काम तत्कालै सुरक्षा गर्ने र प्रदेशले गर्न नसक्ने र अन्तर्राष्ट्रिय मुद्दा जोडिएर आएमा संघीय सरकारसँग समन्वय गर्ने गराउने व्यवस्था मिलाउन आवश्यक हुन्छ। साइबर सुरक्षासँग सम्बन्धित सूचना संकलन गर्न पनि दक्ष जनशक्ति आवश्यक हुन्छ। दक्ष जनशक्ति उत्पादन गर्न प्रदेशलाई परिचालन गर्न सकिन्छ।

संघीय नीतिमा तालमेल मिलाएर प्रदेश र स्थानीय विशेषताका आधारमा साइबर सुरक्षा रणनीति लागू गर्नुपर्ने हुन्छ। उक्त रणनीतिमा मेल खानेगरी ऐन कानुनहरू निर्माण गर्नुपर्ने हुन्छ। त्यस्तो विषयमा संघीय सरकारले प्रोत्साहित गर्ने नीति बनाउनुपर्ने हुन्छ। साइबर सुरक्षा प्रदेश सरकारको पनि क्षेत्राधिकारभित्रको विषय हो। त्यसैले साइबर सुरक्षाका बारेमा संघीय सरकारलाई मात्र पर्खिएर हुँदैन, प्रदेश सरकारले पनि केही गर्नुपर्छ भन्ने लागिपरेको छ।

समग्रमा साइबर सुरक्षाको नेतृत्व संघीय सरकारले गर्ने र चुनौतीको सामना गर्न आवश्यक कार्य गर्न प्रदेश र स्थानीय तहलाई परिचालन गर्ने योजना बनाउनुपर्ने हुन्छ। संघीय सरकारले साइबर सुरक्षा नीति बनाइरहेको बुझिन आएको छ। उक्त नीतिमा संस्थागत संरचना बनाउँदा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। एकात्मक चिन्तन र सोचले साइबर सुरक्षा हुन सक्दैन। त्यसैले संघीय नीति बनाउँदा संविधानको मर्म र भावनालाई आत्मसात् गर्नुपर्ने हुन्छ।

नेपालको संविधान, २०७२ ले निर्देशित गरेअनुसार बनेको प्रदेश कार्यविभाजन नियमावलीले सूचना प्रविधि क्षेत्रको प्रवर्द्धन र डिजिटल साक्षरताको विषयलाई प्रदेश सरकारको पनि जिम्मेवारीभित्र समेटेको छ। साइबर सुरक्षा रणनीति, नीति र कानुन बनाएर कार्यान्वयन गर्न निर्देशक समितिमा साइबर सुरक्षा विज्ञ त रहन्छन् नै, प्रदेशमा सञ्चार हेर्ने मन्त्री, गाउँपालिका महासंघ र नगरपालिका संघको प्रतिनिधि रहन आवश्यक हुन्छ। साइबर सुरक्षाको समन्वय तथा सहजीकरण समितिमा प्रदेशका सञ्चार हेर्ने मन्त्रालयका सचिवको प्रतिनिधित्व हुनुपर्ने हुन्छ। राष्ट्रिय साइबर सुरक्षा रणनीतिक कार्य समूहमा प्रदेशको सञ्चार हेर्ने निकायको प्रमुखको प्रतिनिधित्व हुनुपर्ने हुन्छ। त्यसो हुँदा संघ र प्रदेशमा समन्वय हुन्छ र जुनसुकै स्थानीय तहलाई पनि त्यही संयन्त्रभित्र ल्याउन उपयुक्त हुन्छ।

बागमती प्रदेशमा सूचना प्रविधि र साइबर सुरक्षासँग सम्बन्धित विषयमा कानुन निर्माण गरी कार्यान्वयनमा लैजाने तयारीमा छ। संघीय साइबर सुरक्षा नीति आएसँगै हामी प्रदेशमा पनि साइबर सुरक्षासँग सम्बन्धित विषयमा सरोकारवालासँग छलफल गरी कार्यान्वयन गर्न सकिने कानुन निर्माण गर्नेछौं। सूचना प्रविधिको विकास र यसले निम्त्याएका चुनौतीको सामना एक्लै गर्न सकिन्न, प्रदेश, स्थानीय तह र संघ मिलेर नै सामना गर्नुपर्ने हुन्छ।

***(लेखक बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एवं प्रदेश सरकारका प्रवक्ता हुन्)***

## पत्र-मञ्जुषा

### खेतीयोग्य जमिन मासेर भोकमरी निम्त्याइँदै

भारतले चामल निर्यातमा प्रतिबन्ध लगाउने घोषणा गरेसँगै नेपाली बजारमा हाहाकार देखिन थालिसकेको छ। व्यापारीले धमाधम चामल लुकाउन थालेका छन् भने सर्वसाधारणले पनि चामलको बोरा-बोरा उठाउन थालेका छन्। पैसा हुनेले पाँच बोरासम्म चामल लगेर घरमा थन्क्याइरहेका छन्। तर, त्यो चामल कतिञ्जेल खाने ? एक वर्ष पुग्ने चामल त घरमा लगेर थुपार्लान्, त्योभन्दा पछाडि के खाने ?

अहिले पनि किलो-किलो चामल किनेर छाक टार्नेहरू छन्। उनीहरूले के खान्छन् ? अब नेपालमा भोकमरी लाग्छ। खेतीयोग्य जमिनमा प्लानिङ गर्दाको नतिजा अब नेपालीले देख्छन्। ढुंगा, बालुवा, गिट्टी, इँटा खाने कुरा भएन। न फलाम टोक्न मिल्छ। भोक लागेको छ भन्दैमा बाटोको अल्कत्रा कोटचाउन मिलेन। सरकारले बेलैमा नीति नियम नबनाउँदा र जनताले पनि भोलि नदेख्दा देश खाद्यान्न संकटमा पर्ने संकेत देखिएको छ। व्यापारीले अहिले नै एक बोरा चामलमा २०० देखि ५०० रूपैयाँसम्म बढाइसकेका छन्।

कुनै पनि प्राणी खाने कुराविना बाँच्न सक्दैनन्। बाँच्नका लागि अन्न नै चाहिन्छ। तर, यो कुरा न सरकारले बुझ्यो न जनताले। जग्गा किन्ने, घर बनाउने। सबैको ध्यान यतातिर मात्र गयो। कृषिप्रधान देश भनिएको छ तर यहाँ खेती किसानी गर्ने कोही छैन। किसानहरू सबै विदेशिसकेका छन्। गरिखाने जग्गामा सबै कंक्रिट ठडिएपछि खेती कहाँ गर्ने ? माटो त जनता बचाउने एउटा मात्र स्रोत हो। माटो नभइकन अन्न कहाँ फल्छ ? सरकारले माटोमा कंक्रिट ठड्याउन दिनुहुँदैन भनेर पहिले नै सोच्नुपर्दैन ?

रोपाइँको सिजनमा मल पाइँदैन। असार सकिसक्दासमेत आधा पनि रोपाइँ सकिएको हुँदैन। घर बनाएर बाँकी भएका खेत पनि बाँझै छ। अनि कसरी देश चल्छ ? उत्पादनलाई प्रोत्साहन गर्नुको साटो सरकार नै जग्गा किनबेच गरेर राजस्व उठाउनतर्फ लाग्यो। क्षणिकको सोच्दा मुलुकलाई कति घाटा हुन्छ, यो अबको केही समयमै देखिन्छ। सरकारले घरजग्गा कारोबारबाट उठेको राजस्व देख्यो तर त्यो कहाँ खर्च भइरहेको छ ? यो देखेन, हेर्ने कोसिस पनि गरेन।

उठेको राजस्व सामान आयात गर्नलाई समेत अपुग हुन्छ। जसले गर्दा व्यापार घाटाले सीमा नाघेको छ। देशमै उत्पादन भएको भए न खाद्यान्न आयात गर्नुपर्थ्यो, न व्यापार घाटा हुन्थ्यो। सरकारमा बस्नेहरूलाई यति न थाहा छैन भने यिनीहरूले जनता र राष्ट्रका लागि के गर्छन् ? जग्गा दलाली र सरकारको मिलेमतोका कारण जनता भोकभोकै मर्नुपर्ने अवस्था सिर्जना भएको छ। आनाको एक लाख रूपैयाँमा बिक्री नहुने जग्गा प्लानिङ गर्दै ६० लाख रूपैयाँमा बेचे।

विदेशमा वर्षौं दुःख गरेर कमाएकाले पनि त्यही लगानी गरेका छन्। सरकारी कर्मचारीले पनि घरजग्गामै लगानी गरेका छन्। बैंक तथा वित्तीय संस्थाको लगानी पनि त्यही घरजग्गामा छ। जो हेऱ्यो, जग्गा किन्ने अनि घर बनाउने। मलिलो माटो भएको फाँटलाई टुक्रा-टुक्रा बनाइदिए। उब्जनी हुने जग्गामा घर ठड्याइयो। अहिले कतिपयलाई त घर 'निल्नु न ओकाल्नु' भएको छ। बजारमा मन्दी छाएसँगै घरजग्गा कारोबार शून्यमा झरिसकेको छ।

सबैलाई बेच्नु छ, किन्ने कोही छैनन्। घर कस्तो ठाउँमा बनाउने दिने ? बाटो कहाँ निर्माण गर्ने ? सरकारले बस्ती बनाउन दिनुअगावै सोच्नुपर्थ्यो। माटो उर्वर नभएको र खेती गर्न सम्भव नभएको ठाउँमा मात्रै घर बनाउन दिने भनेर नियम बनाउनुपर्थ्यो। विडम्बना, सरकारले यति काम पनि गर्न सकेन। सरकारको कमीकमजोरीको असर अब जनताले खेप्नुपर्ने छ। जनतालाई सन्तान जन्माउन दिने, नागरिकता दिने अनि भोट र कर लिने काममात्रै सरकारले गरिरहेको छ।

देशको आफ्नो उत्पादन केही छैन। उद्योग खोलौं भन्ने कोही पनि छैन। बैंक तथा वित्तीय संस्थाहरू उद्योगमा लगानी गर्न नचाहने, घरमा जति पनि कर्जा दिने। दलालहरूको कारणले घरजग्गाको मूल्य दिनको दुई गुणा र रातको चार गुणाले बढ्यो। छोटो समयमा धेरै नाफा कमाउने प्रलोभनमा परेका बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूले धमाधम यसमै लगानी गरे। संस्थामा जति पनि निक्षेप संकलन भएको थियो, त्यो घरजग्गामा फ्रिज भएको छ। जसले गर्दा बैंक तथा वित्तीय संस्था टाट पल्टेका छन्।


निक्षेपकर्ताहरू सडकमा आइपुगेका छन्। अझै पनि नेपालीको चेत नखुल्ने नै हो ? उद्योग खोलेको भए त आज यस्तो संकट उत्पन्न नै हुँदैनथ्यो। छोटो बाटो अपनाउन खोज्दाको असर त सबैले भोगिहाले। बैंक तथा वित्तीय संस्थाले उद्योगमा मात्र लगानी गरिदिएको भए आज नेपाली कामको खोजीमा विदेशमा जानु पर्दैनथ्यो। न त्यहाँको खपिनसक्नु घाममा काम गर्नुपर्थ्यो। नेपाल निर्यातमुखी देश बन्थ्यो। यही रोजगारीको अवसर सिर्जना हुन्थ्यो। न सरकारमा यो सोच आयो न संघसंस्थामा।

*-अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारवाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**गलेश्वर धाम |** दोस्रो पशुपतिनाथको नामले परिचित म्याग्दीको प्रसिद्ध धार्मिकस्थल गलेश्वर धाम ।

*तस्बिर: ध्रुवसागर शर्मा/ रासस*

बागमतीमा विपद् जोखिमको पूर्वतयारी

# गोदामघर सञ्चालनमा ल्याउन मुख्यमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**हेटौंडा–** बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले विपद् जोखिमको पूर्वतयारीका लागि गोदामघरहरू सञ्चालनमा ल्याउन निर्देशन दिएका छन् । प्रदेश विपद् व्यवस्थापन परिषद् बैठकमा उनले यस्तो निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री जमकट्टेलले कार्यविधि बनाएर विपद् व्यवस्थापनको रकम स्थानीय तहलाई हस्तान्तरण गरिने बताए । उनले जोखिमको पहिचान भएका स्थानीय तहहरूमा पूर्वतयारी गरिहाल्नुपर्नेसमेत बताए । उनले प्रदेश सरकार मातहत मकवानपुर, नुवाकोट र काभ्रेमा रहेका गोदाम घर (विपद्को राहत तथा उद्धार सामग्री) चालु अवस्थामा राख्न निर्देशन दिएका छन् ।

बैठकमा मनसुनजन्य विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना २०८०, प्रदेश विपद् कोषबाट लागत साझेदारीबापत उपलब्ध गराइएको रकम, प्रदेश विपद् व्यवस्थापन कोषको रकम खर्च गर्ने सम्बन्धमा छलफल भएको थियो । प्रदेश विपद् व्यवस्थापन कोषमा मौज्दात रहेको रकमबाट जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा आवश्यकता र औचित्यका आधारमा विपद् व्यवस्थापन कोष परिचालन गर्ने, विपद् पहिचान भएका स्थानीय तहरूमा पूर्वतयारी, खोज उद्धार र राहत, आवास पुनर्निर्माण र पुनःस्थापनाका लागि प्रदेश सरकारले रकम उपलब्ध गराउने निर्णय भएको आन्तरिक मामिला तथा कानुनमन्त्री एवं प्रदेश सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठले जानकारी दिए ।

बागमती प्रदेशमा बाढी तथा पहिरोबाट लगभग २२ हजार घरधुरी र ९७ हजारभन्दा बढी जनसंख्या प्रभावित हुनसक्ने अनुमान प्रदेश सरकारले गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टलअनुसार विगत १० वर्ष (२०६९ देखि २०७९) सम्मको तथ्यांकलाई विश्लेषण गर्दा प्रदेशमा हुने मनसुनजन्य विपद्हरू क्रमशः बाढी, पहिरो, भारी वर्षा र महामारी रहेका छन् ।

विगत १० वर्षको तथ्यांकअनुसार २४३ वटा बाढीका घटनामा ९६ मानिसको मृत्यु, ३९ घाइते र ५८ जना बेपत्ता भएको देखिन्छ भने सबैभन्दा बढी मानिसको मृत्यु २०७० सालमा भएको देखिन्छ । वि.सं. २०७९ को मनसुन तथ्यांकअनुसार यस प्रदेशमा १३ वटा बाढीका घटना भएका र दुई जनाको मृत्यु भएको छ भने नौ घर पूर्ण क्षति हुँदा ९२ लाख ७३ हजार क्षति भएको थियो । वि.सं. २०७९ को बाढीको तथ्यांकअनुसार यसको प्रभाव असारदेखि कात्तिकसम्म हुने गरेको छ । यसमा साउनमा सबैभन्दा धेरै प्रभावित हुने गरेको तथ्यांक छ । बागमती प्रदेशमा गत वर्ष बाढीका घटना र क्षति भक्तपुर जिल्लामा सबैभन्दा बढी भएको थियो । यहाँका १३ जिल्लामध्ये प्रदेशमा बाढीका कारण मकवानपुर, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, काठमाडौं, रसुवा, काभ्रेपलाञ्चोक र रामेछाप प्रभावित हुने गरेको तथ्यांक छ ।

# जुम्लामा १२ हजार पशु 'लम्पी स्किन'बाट संक्रमित

**जुम्ला–** जुम्लाको आठवटै स्थानीय तहका करिब १२ हजारभन्दा बढी पशु 'लम्पी स्किन' रोगबाट संक्रमित भएका छन् । जिल्लाभर प्रकोपको रूपमा फैलिइरहेको रोगले १२ हजार ५०० गाईभैंसी, गोरु, बाछाबाछी संक्रमित भएको पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्रसिंह बुढ्थापाले बताए ।

कार्यालयबाट यहाँका स्थानीय तहलाई ७५ का दरले खोप वितरण गरिएको छ । बजेटको अभावले सम्बन्धित स्थानीय तहलाई औषधि खरिद गरी उपचार गर्न निर्देशन गरिएको छ । स्थानीय तहमै पशु प्राविधिक खटाएको कार्यालय प्रमुख बुढ्थापाको भनाइ छ ।

उक्त रोगबाट मरेका पशुको संख्या र विवरण पठाउन भनी जिल्लाका स्थानीय तहलाई पत्रचार गरिएको छ । यकिन तथ्यांक आउन केही साता लाग्ने पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाको प्रमुख बुढ्थापाले जानकारी दिए ।

**५०० पशुलाई खोप**

जिल्लाका स्थानीय तहका करिब ५०० गाईभैंसीलाई लम्पी स्किनविरुद्धको खोप लगाइएको पशु सेवा कार्यालयले जनाएको छ । खोप खरिद गरी पालिकामा कार्यरत पशु प्राविधिकबाट तिलाका नौवटै वडाका स्थानीयवासीको पशुलाई खोप लगाएको तिला गाउँपालिकाकी उपाध्यक्ष गोरीकला बुढाले बताइन् । पालिकाको सबैभन्दा बढी वडा नं २ का पशु लम्पी स्किनबाट संक्रमित भएका छन् । उक्त वडाका ४० वटा गाईगोरु मरेको जानकारी आएको उपाध्यक्ष बुढाको भनाइ छ । वडा नं १ मा पनि व्यापकरूपमा रोग फैलिएको स्थानीयवासी नरबहादुर रावतले जानकारी दिए ।

अहिलेसम्म तीन हजार गाईभैंसीलाई औषधि वितरण गरिएको तिला गाउँपालिकाको पशु सेवा कार्यालयले जनाएको छ । रोग न्यूनीकरणका लागि मल्हम, स्प्रे, ज्वरो नियन्त्रणका लागि औषधि, पोटास, लम्पी स्किनका कारण गाईभैंसी मर्न थालेपछि उच्च सतर्कता अपनाउन कृषकलाई अनुरोध गरिएको सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए ।

गाईभैंसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, लिम्फनोड सुक्नेजस्ता लक्षण देखापर्छ । यो रोग विशेषगरी संक्रमित लामखुट्टे, झिंगालगायतको टोकाइबाट लाग्ने गर्दछ । संक्रमित गाईवस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दानापानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको पशु सेवा कार्यालय जुम्लाले जनाएको छ । *रासस*

## वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:२०८०/०४/११**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १३६ को २२१९.३९ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मुलडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

## बीमालेख हरायो

मिति २०८०/०३/१२ गते, बालुवाखानीदेखि चावहिल जाँदा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : अग्रिया पराजुली**
बीमालेख नं : ५१०९०००८८७६/५१०९०००८८७८/५१०९०००८८७७
ठेगाना :
एशियान लाइफ इन्स्योरेन्स क.लि.
एशियान लाइफ भवन, मैतिदेवी, काठमाडौं
फोन : ०१–४४३०२७०
सम्पर्क नं : ९८५१०४३३४८

## मैत्री मंगलम अर्गानिक कृषि फार्म प्रा.लि. को प्रवन्ध पत्र मागिएको संसोधन

**दोस्रोपटक प्रकाशित मिति: २०८०/०४/११**

दफा १. कम्पनीको नाम: "मैत्री मंगलम अर्गानिक कृषि फार्म प्रा.लि. " हुनेछ । यसलाई अंग्रेजीमा " Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd " भनिनेछ ।

## वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:२०८०/०४/११**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९७ को २०१७.१६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कोन्छ्योङसुम सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

## कम्पनी उद्योग दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा लि नं. १५०८३/२०५७।११।२३ को गल्फ स्प्रिङ्ग ओभरसिज सर्भिसेज प्रा लि को मिति २०८०।०३।३१ गतेमा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोही कसैलाई कुनै किसिमको लेनदेन वांकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा सर्म्पक गरी हक दावी गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको खारेजीको प्रकृया अगाडी बडाइ दर्ता खारेजी गरिने छ ।

**लिक्वीडेटर हिम लाल गिरी**
**ठेगाना : काठमाडौं का.म.न.पा. १६ म्हेपी**
**इजाजत पत्र नम्बर ५३०**
**फोन नम्बर ९८५१०७८४९९**

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MAMA HOME CAFE SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 284845 | चलानी नं.६०२००२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : MAX FRANCHISE CORPORATION SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 276833 | चलानी नं. ६०१९२९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 4 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : WOODTRIM TRADING SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 276096 | चलानी नं. ६०१९२११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TREND RESTAURANT**

पूर्व स्वीकृति मिति २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 271334 | चलानी नं. ६०१८७१०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier (Female) | 0 | 1 | 1300 | ४५,४४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५२,४४५ | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1400 | ४८,९४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com
Govt. License 966/067/68

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CUI XIANG LOU RESTAURANT**

पुर्व स्वीकृति मिति : २०८०/०२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289235 | चलानी नं. : ६०२०५२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant | 2 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : LALIT CLEANING AND CONTRACTING WLL**

पुर्व स्वीकृति मिति : २०८०/०४/१० | LT. No. 289884 | चलानी नं. : ६०२०५२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 4000 | १४४,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 3 | General Clean Worker | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 4 | Marketing Represent | 2 | 0 | 3000 | १०८,०२५ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | Services Employee | 1 | 0 | 2000 | ७२,०१५ | | | | | | | |
| 7 | Supervisior | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com
श्रम ईजाजत नं १५७०/०७९/८०

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : WAHATHUL KHALEEJ CLEANING AND HOSPITALITY**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289940 | चलानी नं. ६०२०५१९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 5 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : LUSAIL STAR HOSPITALITY SERVICES AND GENERAL CLEANING SERVICE**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289941 | चलानी नं. ६०२०५१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 0 | 10 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PREMIUM FLAME SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 283792 | चलानी नं. ६०१९९२९८

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.**
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821
Govt. License 430/060/061

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CHOP CHEONG BEE SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT No :276537 | चलानी नं. ६०१९२३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 35 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# प्रभाव दैनिक

रूपशाला


## टिजरमा यस्तो देखियो 'जुलेबी'

चार महिलाको प्रेमकथामा आधारित फिल्म 'जुलेबी' भदौ १ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले  टिजर सार्वजनिक गरेको छ । एक मिनेट दश सेकेन्डको  टिजरमा लभ र रोमान्सका दृश्यले प्राथमिकता पाएको छ । उषा रजक, सुरक्षा पन्त, नीशा अधिकारी, मोनिका थापा, सुशील सिटौला, पुष्कर कार्की, तुफान थापा लगायत कलाकारको अभिनय रहेको फिल्म एन्थोलोजी जनरामा निर्माण भएको हो । फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्म गणेशदेव पाण्डेले निर्देशन गरेका हुन् । यसअघि उनले फिल्म मञ्जरी, गाजा बाजा निर्देशन गरेका थिए ।




बिहीबार, ११ साउन २०८० (Thursday, July 27, 2023)


# 'सर्पहरू गीत सुन्दैनन्' अंग्रेजीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार शैलेन्द्र साकारद्वारा लिखित 'सर्पहरू गीत सुन्दैनन्' कवितासंग्रहको अंग्रेजी भाषामा अनुवाद गरी प्रकाशनमा ल्याइएको छ । निरंकुश पञ्चायती व्यवस्थाकालमा त्यसविरुद्ध लेखिएका नेपाली भाषाका केही कविता 'सर्पेन्ट्स वन्ट लिसन टु योर संग्स' शीर्षकमा अनूदित छन् ।

साकारकी धर्मपत्नी मञ्जुश्री श्रेष्ठले प्रकाशन गरेको कृतिमा २० कविता छन् जसको अनुवाद युयुत्सु शर्मा, मञ्जुश्री थापा, पदमप्रसाद देवकोटा, शैलेन्द्र सिंह, हरिश अधिकारी, अनुरक्त प्रधान, प्रमेश केसी र फिलिप पियर्सले गरेका हुन् ।

यसअघि उहाँका 'शैलेन्द्र साकारका कविता', 'नांगो तार', 'कवितामा अमेरिका', 'अमेरिका' र 'अरू सात समुद्र' कवितासंग्रह, 'कोलाज', 'कालपात्र र अरू कथाहरू' र 'रामायण र अरू कथा' कथासंग्रह, 'अवतार विघटन' र 'आकाश विभाजित छ' उपन्यास (संयुक्त लेखन) र 'भोजपुरे हुलाकीका सन्तान' संस्मरणात्मक कृति प्रकाशित छन् । पछिल्लो कृति उहाँको पहिलो अंग्रेजी संग्रह हो । जनसार्क समन्वय मञ्च नेपालद्वारा आज आयोजित कार्यक्रममा बिसको दशकका कवि द्वारिका श्रेष्ठले साकार सुरुदेखि नै विद्रोही स्वभावका रहेको र उनका धेरै कवितामा त्यस्तै भाव रहेको बताए ।



राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तारानाथ लुइँटेलले कवितामार्फत परिवर्तन ल्याउन र मुलुक बनाउन सकिने विचार राखे । पूर्वराजदूतद्वय भीम उदास र पदम सुन्दासले साकार जस्ता शक्तिशाली कविको मूल्यांकन सरकारले गर्न नसकेकामा गुनासो गरे ।

अनुवादक शर्माले साकारसँग मिलेर आफूले 'कथ्य कायाकल्प' (कन्टेन्ट मेटामोर्फोसिस) जस्तो साहित्यिक आन्दोलन चलाएको जनाउँदै निरन्तर लेखिरहेका उनको लेखनमा सहजता, सरलता, इमान्दारी पाइने बताए भने साहित्यकार-पत्रकार श्री ॐ श्रेष्ठ रोदनले उनले नेपाल स्रष्टा समाज स्थापनाका साथै बुटपालिस आन्दोलन, सडक कविता क्रान्ति, अमलेख जमात आदिमार्फत नेपाली राजनीति र समाजलाई पथप्रदर्शनसमेत गरेको उल्लेख गरे ।

आयोजक मञ्चका महासचिव सन्तोषप्रसाद घिमिरे र कोषाध्यक्ष दीनदया रिजाल तथा पर्वतारोही आङदावा शेर्पाले साकार जस्ता अन्तरराष्ट्रिय साहित्यिक व्यक्तित्व कमै जन्मने बताए । कवि साकारले कवि-साहित्यकारले राजनीतिक आश्रय खोज्न नहुने र कसैको पिछलग्गु बन्न नहुने जनाउँदै नयाँ रचना सिर्जनु वा पुस्तक प्रकाशन हुनु भनेको लेखकको पुनर्जन्म नै हो भने ।



# कर्मा र मेनुकाको 'महानगर' भदौ ८ मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कथानक चलचित्र 'महानगर' (वान् नाइट इन् काठमाडौं) भदौ ८ मा सार्वजनिक प्रदर्शनमा आउने भएको छ ।

एक साँझ दुई अपरिचित व्यक्तिको अनायस हुने भेट र त्यसपछिको घट्नाक्रमको कथा विषयवस्तु बनाएको चलचित्रमा कर्मा र मेनुका प्रधानको मुख्य भूमिका छ ।

मोहन राईको लेखन तथा निर्देशन रहेको चलचित्र विभिन्न फेष्टिभलपछि नेपाल रिलिज हुन लागेको हो । विभिन्न देशका फेस्टिभलको यात्रा पछि घरेलु दर्शकका लागि चलचित्र प्रदर्शन गर्न लागेको निर्देशक राईले बताए ।

माउन्टेन रिभर फिल्मस् तथा गो विन् प्रोडक्सन्ससँगको सहकार्यमा मिडलवे फिल्मस्ले निर्माण गरेको चलचित्रमा नरेन्द्र मैनालीको छायांकन, परिक्षित झाको सम्पादन छ । चलचित्रको कार्यकारी निर्माता गोविन्द पराजुली हुन्, भने क्रियटिभ निर्माता नवनिधि दाहाल रहेका छन् ।

फिल्ममा कर्मा, मेनुका प्रधानको अलवा अनोज पाण्डे, शोविता अधिकारी, जीवन बराल, परीक्षित विक्रम राणा, चन्द्र पाण्डे लगायतका कलाकारको अभिनय छ ।

# सरुलाई आइआइएफटी अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** उत्कृष्ट डिजाईनर ड्रेससँगै उत्कृष्ट मोडलहरूको महाकुम्भ भनेर चिनिने रनवे 'द नेशनल डिजाईनर रनवे २०२३' को ग्रीष्मकालीन संस्करणको शिर्ष उपाधी आइआइएफटी नेपाल कलेजकी सरु सुवेदीले जितेकी छिन् । राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा मोडल संग्स् नेपालको आयोजनामा सम्पन्न ग्रीष्मकालीन संस्करणको उक्त रनवेमा निर्णायक तथा दर्शकहरूको पहिलो रोजाईमा परेको सुवेदीको उत्कृष्ट सिर्जनाले उनलाई विजेताको प्रतिष्ठित उपाधि दिलायो ।

प्रतिभाशाली तथा उदीयमान डिजाईनरहरूले आफ्नो रचनात्मकता र अद्वितीय शिल्प कौशलद्वारा र्‍याम्पमा उत्रिएका मोडलहरूमार्फत दर्शकहरूलाई चकित पारिरहँदा आफ्नो उत्कृष्ट डिजाइनले निर्णायकहरू र सहभागीहरूबाट समान रूपमा प्रशंसा बटुल्दै नमुना कलेजकी रफिना महर्जनले फर्स्ट रनर अप को उपाधी आफ्नो बनाईन् ।

देशका प्रतिभाशाली फेशन डिजाइनर हरूले आफ्ना उत्कृष्ट ग्रीष्मकालीन परम्परागत ड्रेसहरूलाई नवीन शैलीमा संयोजन गर्दै नेपाली फेसन पारखीहरूको निम्ति 'द नेशनल डिजाईनर रनवे' मा असाधारण दृश्य प्रस्तुत गरेका थिए । रोजिन शाक्यको कोरियोग्राफी तथा परमानन्द चौधरीको निर्देशनमा संचालित प्रतियोगितामा दीपक घिमिरे, रेजिना तुलाधर, धिरज तण्डुकार, प्रमिला सिलवाल र सजिना बिष्ट त्रिपाठी निर्णायक रहेका थिए । कार्यक्रमले उदीयमान डिजाइनर हरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न र नेपाली फेशन उद्योगभित्र सजिलै स्थापित हुन प्लेटफर्मको रूपमा सेवा प्रदान गर्दै आएको छ । उत्कृष्ट मोडलहरूको उत्साहजनक प्रस्तुतीमा प्रशस्त रचनात्मकताका साथ, 'द नेशनल डिजाईनर रनवे' ले नेपालको फेसन परिदृश्यमा चिरकालीन छाप छड्न सफल रहेको आयोजक संस्थाकी अध्यक्ष स्वस्ती दंगालले जनाएकी छिन् ।



## रंगशाला

# जापानमा गौरिकाको अर्को कीर्तिमान




■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एशियाली खेलकुद (साग) की चार स्वर्ण पदकधारी पौडी खेलाडी गौरिका सिंहले जापानको फुकुओकामा जारी '२०औं वर्ल्ड एक्वाटिक च्याम्पियनसिप–२०२३' मा अर्को राष्ट्रिय कीर्तिमान बनाएकी छन् । गौरिकाले आफ्नै नाममा रहेको पुरानो समयमा सुधार ल्याउँदै नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी हुन् ।

हाल फुकुओकामा रहेका नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यका अनुसार, गौरिकाले बुधबार सम्पन्न ५० मिटर ब्याकस्ट्रोक स्पर्धामा नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी हुन् । गौरिकाले सन् २०१६ मा भारतको गुवाहाटी र सिलोङमा आयोजना भएको १२ औं सागमा आफैले राखेको ३१.८७ सेकेन्डको समयमा सुधार ल्याएकी हुन् । फुकुओकामा बुधबार उनले निर्धारित दूरी ३१.४४ सेकेन्डमा पार गरिन् ।

यसअघि ओलम्पियन गौरिकाले फुकुओकामा जारी च्याम्पियनसिपको एक सय मिटर ब्याकस्ट्रोक स्पर्धामा पनि नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी थिइन् । आगामी ओलम्पिकको छनोट प्रतियोगितासमेत रहेको च्याम्पियनसिपमा बुधबार पुरुषतर्फ एलेक्जेन्डर शाहले पनि राष्ट्रिय कीर्तिमान बनाए ।

एलेक्सले पुरुष एक सय मिटर फ्रिस्टायल स्पर्धामा आफ्नो समयमा सामान्य सुधार ल्याउँदै नयाँ कीर्तिमान बनाएका हुन् । एलेक्सले पुरानो ५२.९६ सेकेन्डको समयमा सुधार गर्दै ५२.९४ समयका साथ नयाँ कीर्तिमान बनाए । यसअघि उनले हालै सम्पन्न ११औं एनएसए कप च्याम्पियनसिपमा निर्धारित दूरी ५२.९६ सेकेन्डमा पार गरेका थिए ।

यसअघि मंगलबार डुवाना लामाले पनि महिला दुई सय मिटर फ्रिस्टायल स्पर्धामा आफ्नो ब्यक्तिगत समयमा सुधार गर्दै निर्धारित दूरी दुई मिनट १२.४६ सेकेन्डमा पूरा गरेकी थिइन् । डुवानको ब्यक्तिगत समय यसअघि दुई मिनेट १५.०१ सेकेन्ड रहेको थियो । उक्त स्पर्धाको राष्ट्रिय कीर्तिमान भने गौरिकाको नाममा रहेको छ । गौरिकाले निर्धारित दूरी दुई मिनट ११.९४ सेकेन्डमा पार गर्दै उक्त कीर्तिमान आफ्नो नाममा राखेकी हुन् । '२०औं वर्ल्ड एक्वाटिक च्याम्पियनसिप–२०२३' मा अब नेपाली खेलाडीको दुई खेल बाँकी छ । बिहीबार डुवाना लामाले महिला एक सय मिटर फ्रिस्टायल र शुक्रबार एलेक्सले पुरुष ५० मिटर फ्रिस्टायल स्पर्धामा प्रतिस्पर्धा गर्ने जानकारी नेपाली टोलीका ब्यवस्थापक नरेश बैद्यले दिए ।

## महिला विश्वकप:
# स्पेन र जापान नकआउट चरणमा

**काठमाडौं (प्रस)–** महिला विश्वकप फुटबलमा स्पेन र जापान नकआउट चरण प्रवेश गरेका छन् । अष्ट्रेलिया र न्युजिल्याण्डमा जारी प्रतियोगिताको समूह सीको खेलमा बुधबार जित निकाल्दै दुवै टिम विश्वकपको अन्तिम १६ मा प्रवेश गरेका हुन् ।

प्रि-क्वार्टरफाइनल पुग्ने क्रममा एसियाली देश जापानले कोस्टारिका र स्पेनले जिम्बाबेलाई पराजित गरे । स्पेनले खेलको नवौं मिनेटमा टेरेसा अबेलेइराको गोलमा अग्रता बनाएको थियो । जेनिफर हर्मोसोले १३ औं मिनेटमा हेड प्रहारमार्फत स्पेनको अग्रतालाई दोब्बर बनाएकी थिईन् । ६९ औं मिनेटमा अल्बा रेडोन्डाले तेस्रो गोल गरिन् ।

लगत्तै हर्मोसोले व्यक्तिगत दोस्रो गोल गर्दै स्पेनलाई ४-० ले अघि बढाईन् । खेल सकिन ५ मिनेट अघि रेडोन्डाले ब्यक्तिगत दोस्रो गोल गर्दै स्पेनलाई ५-० को शानदार जित दिलाईन् ।

अर्को खेलमा जापानले कोस्टारिकामाथि २-० को जित निकाल्यो । खेलको २५ औं मिनेटमा हिकारु नामोतोको गोलमा जापानले अग्रता बनाएको थियो । अबा फुजिनोले २७ औं मिनेटमा गोल गर्दै जापानलाई २-० को जित दिलाएकी हुन् । दुवै खेलाडीले गोल गर्ने क्रममा तनाकाको पासलाई सदुपयोग गरेका थिए । समूह चरणको दोस्रो खेलमा शानदार जित सहित स्पेन र जापानले समान ६ अंक जोडेका छन् । समूह विजेताका लागि दुवै टिमले अन्तिम खेलमा प्रतिस्पर्धा गर्नेछन् । बुधबारको खेलमा पराजित भएका कोस्टारिका र जाम्बिया प्रतियोगिताबाट बाहिरिएका छन् ।

# एसियाडको विशेष तयारीमा नेपाली बक्सिङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** १९औं एशियाली खेलकुदमा पदक जित्न सक्ने खेलको सूचीमा पहिलो प्राथमिकतामा रहेको नेपाली बक्सिङले विशेष प्रशिक्षण सुरु गर्ने भएको छ ।

आगामी सेप्टेम्बर २३ देखि चीनको हानझाउ शहरमा १९औं एसियाड सुरु हुँदैछ । सोही एसियाडमा नेपालको बक्सिङसहित तेक्वान्दो र करातेलाई पदक सम्भावनाको खेल रहेको भन्दै राष्ट्रिय खेलकुद परिषद्ले पहिलो प्राथमिकता राखेर तयारी गर्दै आइरहेको छ ।

सोहीअन्तर्गत पछिल्ला केही महिनादेखि नेपालीको बक्सिङ टोलीले तयारी सुरु गर्दै आइरहेको हो । भारतीय प्रशिक्षक शिव सिंहको नेतृत्वमा रहेको प्रशिक्षण टोलीमा दीपक महर्जन, राज श्रेष्ठ र प्रवीण तुलाधर छन् । राखेपले १९औं एसियाडमा खेल्ने खेलको टुंगो लगाउँदा नै प्राथमिकतामा राखेको तीन खेललाई विशेष तयारी गराउने उद्घोष गरेको थियो ।

उक्त विशेष तयारीअन्तर्गत आवश्यक परेको खण्डमा विदेशी प्रशिक्षक, वैदेशिक प्रशिक्षण र म्याचएक्सपोजर जस्ता मुख्य पक्षहरू समावेश गर्ने लगायत राखेपका योजनामा थिए । पहिलो प्राथमिकतामा रहेका तीन खेलमा पूर्ण कोटामा प्रतिष्पर्धा गराउने योजनाअनुरूप नेपालको १३ बक्सरले आगामी एसियाडमा प्रतिष्पर्धा गर्दैछ ।

पोखरामा एक हप्ताको प्रशिक्षण र भारतको पन्जाबका बक्सरसँग मैत्रीपूर्ण प्रतियोगिता खेलेपछि नेपालको बक्सिङ टोलीले वैदेशिक प्रशिक्षणको यात्रा थालेको छ ।

१९ औं एशियाली खेलकुदको तयारीका लागि नेपाली बक्सिङ टोलीले भारतमा नै प्रशिक्षण गर्ने भएको हो । एक महिना विशेषण जुलाई २७ देखि अगस्ट २७ सम्म भारतको पन्जाबमा हुनेछ । पन्जाब इन्स्टिच्युट अफ स्पोर्ट्स पटियालाको टोलीसँग प्रशिक्षणका साथै मैत्रीपूर्ण खेल पनि खेल्ने योजनामा रहेको प्रशिक्षक दीपक महर्जनले जानकारी दिए ।

उक्त विशेष प्रशिक्षणका क्रममा नेपाली टोलीले भारतका लागि क्युबाका प्रशिक्षक फर्नान्डेज र अन्य भारतीय प्रशिक्षकसँग पनि प्रशिक्षण गर्ने कार्यक्रम रहेको नेपाल बक्सिङ महासंघले जनाएको छ ।



सोही विशेष प्रशिक्षणमा जाने नेपाली टोलीलाई बुधवार राखेपमा आयोजित एक कार्यक्रमका बीच बिदाइ गरिएको थियो । उनीहरूलाई राखेप सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका थिए । उक्त अवसरमा सदस्यसचिव घिसिङले एशियाली खेलकुदमा नेपाली बक्सिङको गर्विलो इतिहासलाई फर्काउनका लागि पछिल्ला समय काम आफूले काम गरिरहेको उल्लेख गरे । साथै उनले संघलाई पनि पदक जित्ने लक्ष्यका साथ ठोस योजना ल्याउन पटकपटक निर्देशन पनि दिँदै आएको बताए ।

सन् २०१० मा चीनकै गोङ्झाउनमा भएको १६औं एशियाली खेलकुदमा नेपालको बक्सिङले पदक जितेको थियो । हाल नेपाली टोलीको प्रशिक्षणमा रहेका दीपक महर्जनले कांस्य पदक जितेका थिए । त्यसयता, भने नेपाली बक्सिङ एसियाली प्रतिष्पर्धा सुखद् बन्न सकिरहेको छैन । यस पटक भने नेपाली बक्सिङले पुरानो साख फर्काउने विश्वास सदस्यसचिव घिसिङको छ । १९औं एसियाड अगाडि चीनको हानझाउमा विभिन्न देशका प्रतिनिधिहरूले गर्ने टर्च र्‍यालीमा चीनमा नै भएको एसियाडमा पदक विजेता दीपक महर्जनले नेपालको तर्फबाट प्रतिनिधित्व गर्नेछन् । बक्सिङकै खेलाडीलाई प्रोत्साहन हुने उद्देश्यअनुरूप बक्सिङकै प्रशिक्षकलाई त्यो अवसर सुम्पिएको राखेपका सदस्यसचिव घिसिङले बताए ।

सदस्यसचिव घिसिङले प्राथमिकतामा रहेका तीन खेलमध्ये बक्सिङबाट आफू र समग्र राज्यले नै धेरै आशा गरेको बताए । तयारी गाडि भएका सानासाना प्रतियोगितालाई पनि एसियाड नै सम्झेर मेहनत गर्दै आफूलाई पूर्ण रूपमा तयार राख्न सदस्यसचिव घिसिङले खेलाडीलाई आग्रह गरे । साथै उनले प्रशिक्षकहरूका लागि पनि यो ठूलो अवसरसँगै जिम्मेवारी पनि प्राप्त भएको बताए । सदस्यसचिव घिसिङले यो जिम्मेवारी पूर्ण रूपमा पालना गर्न प्रशिक्षकहरूलाई निर्देशन दिए ।

१९औं एसियाडमा सेप्टेम्बर २४ देखि बक्सिङ प्रतिष्पर्धा हुने छ । जहाँ नेपालका सात पुरुष बक्सर र ६ महिला खेलाडीले चुनौती प्रस्तुत गर्दैछन् । पुरुष ५१ केजीमा रविन थापा, ५७ केजीमा बुद्ध लामा, ६३ केजीमा भूपेन्द्र थापा, ७१ केजीमा दीपेश लामा, ८९ केजीमा दीपक श्रेष्ठ, ९२ केजीमा रविन नेपाल र ९२ केजीमाथि आशिष दुवाडी छन् । महिला ५० केजीमा सुस्मा तामाङ, ५४ केजीमा मीनु गुरुङ, ५७ केजीमा चन्द्रकला थापा, ६० केजीमा संगीता सुनार, ६६ केजीमा विनीता थापामगर र ७५ केजीमा सरस्वती रानाले नेपालको तर्फबाट चुनौती प्रस्तुत गर्नेछन् ।

# हिन्दीलाई विश्वभाषा बनाउने प्रयासमा भारत



**न्युयोर्क–** भारतले हिन्दीलाई विश्वभाषा बनाउने प्रयास थालेको छ । भाषिक विविधताको मूल्य र हिन्दीलाई विश्वव्यापी भाषाको रूपमा प्रवर्द्धन गर्न भारत सरकारले संयुक्त राष्ट्रसंघलाई १० लाख अमेरिकी डलर प्रदान गरेको छ ।

संयुक्त राष्ट्रसंघका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले राष्ट्रसंघको विश्व सञ्चार विभागकी उपसचिव मेलिसा फ्लेमिङलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्दै बहुभाषिकताको बृहत्तर उद्देश्य तथा भाषागत समावेशिता प्रवर्द्धनमा भारत सरकारको यो योगदानबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

यो सहयोगबाट विश्वसंस्थाले हिन्दी भाषालाई बढी प्रयोग गर्नाका साथै त्यसबाट अन्तर्राष्ट्रिय मामिलामा हिन्दीभाषीको संलग्नता पनि बढाउने विश्वास भारतीय राजदूतले व्यक्त गरे । भारत सरकारले हिन्दी भाषाको प्रवर्द्धनका लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् ।

संयुक्त राष्ट्रसंघका गतिविधिको मल्टिमिडिया सामग्री र समाचारको उत्पादन, हिन्दीभाषी सर्वसाधारणसमक्ष फेसबुक, इन्स्टाग्राम, ट्वीटरलगायत सामाजिक सञ्जालमा पोस्ट गर्न तथा हिन्दी भाषा बोल्नेहरूको आवाजलाई विश्वव्यापीस्तरमा पुऱ्याउन सहायता रकम उपयोग हुने बताइएको छ ।

विश्वव्यापीरूपमा सबैभन्दा धेरै बोलिने भाषामध्ये हिन्दी पनि एक हो । विशेषगरी यो भाषा भारतमा बोलिन्छ भने अन्य राष्ट्रमा पनि यो भाषा बोल्ने छन् । भारतले संयुक्त राष्ट्रसंघमा हिन्दीको प्रयोगलाई प्रोत्साहन गर्नुको मुख्य कारण हिन्दी भाषीलाई विश्वव्यापी मान्यता दिनु हो ।

राष्ट्रसंघको 'मल्टिमिडिया प्लेटफर्म'बाट हिन्दी भाषामा समाचार, विचार, विश्लेषणलगायत सामग्री प्रकाशन एवं प्रसारण भएपछि हिन्दी भाषीहरूलाई अन्तर्राष्ट्रिय विषयमा बुझ्न र त्यसबारेका बहसहरूमा अझ सक्रिय रूपमा भाग लिन तथा अन्तर्राष्ट्रिय समुदायमा थप समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न सहयोग पुग्ने भारतको स्थायी नियोगले जनाएको छ ।

नियोगका अनुसार बहुल संस्कृति र समूहमा सञ्चार गर्न तथा आपसी समझदारीलाई बढावा दिने प्रयासस्वरूप राष्ट्रसंघलाई अनुदान रकम उपलब्ध गराइएको हो । भाषिक समावेशीकरणका माध्यमबाट विविधतापूर्ण र समान संस्कृतिको प्रवर्द्धनका साथै विभिन्न भाषिक समूहबीचको खाडललाई कम गर्दै हिन्दी भाषी जनसंख्यालाई बलियो बनाउने तथा विश्वव्यापी घटनाहरूमा उनीहरूको सक्रिय संलग्नतालाई बढाउने नियोगको विश्वास छ । *रासस/एएनआई*

# रूसी रक्षामन्त्रीको टोलीलाई प्योङयाङमा भव्य स्वागत



**सोल–** रूसका रक्षामन्त्री सर्गेई शोइगुनेतृत्वको प्रतिनिधिमण्डललाई प्योङयाङमा भव्य स्वागत गरिएको छ । कोरियाली युद्धविरामको वार्षिकोत्सव मनाउने सिलसिलामा रूसी टोली उत्तर कोरियाको भ्रमणमा गएको हो ।

रुसी प्रतिनिधिमण्डल प्योङयाङ विमानस्थलमा अवतरण गर्दा रुसी राष्ट्रिय गीत बारम्बार बजाएर स्वागत गरिएको थियो भने विमानस्थल वरपरका सडकमा रुसी झण्डा फहराइएका थिए । रक्षामन्त्री काङ सुन नामले आफ्ना रूसी समकक्षी शोइगुलाई विमानस्थलमा स्वागत गरेका थिए । उत्तर कोरियाली झण्डा र रुसी झण्डा सडकका दुवै किनारमा राखिएका उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

युद्धविरामको वार्षिकोत्सवका अवसरमा बिहीबार प्योङयाङमा विशाल सैन्य परेड हुँदै छ । चिनियाँ कूटनीतिज्ञ एवं सैनिकको टोली पनि रुसी अधिकारीहरूका साथ परेडमा उपस्थित हुने उत्तर कोरियाली समाचार समितिले जनाएको छ । प्योङयाङले युद्धविराममा हस्ताक्षर गरेको ७० वर्ष पूरा भएको अवसरलाई विजय दिवसका रूपमा मनाउन सैन्य परेडलगायत कार्यक्रम आयोजना गर्न लागेको हो ।

कोरोना महामारीलगायत कारणबाट लामो समयसम्म हुननसकेका उच्चस्तरीय भ्रमण एवं आदानप्रदान अब सुरु भएका छन् । विश्वबाट एक्लिएको उत्तरका सिमाना सन् २०२० मा कोभिड महामारीका कारण बन्द भएको थियो ।

यसैबीच, उत्तर कोरियालीले आफ्नो देशको सार्वभौम अधिकार, विकास र हितको रक्षाका खातिर संघर्षरतरूसी सेना र जनताप्रति आफ्नो 'पूर्ण समर्थन' व्यक्त गरेको छ । रुस उत्तर कोरियाको ऐतिहासिक सहयोगी हो जसले केही राष्ट्रसँग मात्र घनिष्ठ एवं मित्रवत् सम्बन्ध कायम गरेको छ ।

उत्तर कोरियाली नेता किम जोङ उन युक्रेनमा मस्कोले गरेको आक्रमणको समर्थनमा अडिग छन् । उनको निर्देशनमा मस्कोलाई रकेट र मिसाइलहरू आपूर्ति गरिएको आरोप अमेरिकाले लगाउँदै आएको छ ।

सोलको इवा विश्वविद्यालयका प्राध्यापक लीफ-एरिक ईस्लेले रूसी रक्षामन्त्रीको यो भ्रमणले कुनै हतियार सम्झौता वा कूटनीतिक उपलब्धि नहुने टिप्पणी गर्दै युद्धविरामको वार्षिकोत्सवमा एकताको प्रतीकात्मक प्रदर्शन गरेको बताएका छन् । आफ्नो देश युद्धमा रहेको बेला रूसका रक्षामन्त्रीले प्योङयाङ भ्रमण गर्नु उत्तरका निम्ति महत्त्वपूर्ण भएको इवा विश्वविद्यालयका अर्का प्राध्यापक पार्क वोन-गोनले बताउँछन् । रूस र चीनको उपस्थितिले आफूसँग सुरक्षा परिषद्का सदस्य राष्ट्रको साथ रहेको सन्देश अमेरिकालाई दिन खोजिएको उनको विश्लेषण छ । *रासस/एएफपी*

## वन पैदावार बोलपद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/०४/११**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र चिलाउने जातको गोलिया थान ६८ को १४४१.२० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**शक्तिशाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–७, मकवानपुर**

## वन पैदावार बोलपद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/०४/११**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १५६ को १७४९.४४ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सल्लेडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**

## वन पैदावार बोलपद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/०४/११**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र चिलाउने जातको गोलिया थान ११५ को १३२६.९७ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**भैरव सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**


## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MNT CONTRACTING AND SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289950 | चलानी नं. ६०२०५२१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 0 | 1 | 1700 | ६१,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 6 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cabling Tech. | 1 | 0 | 1500 | ५४,०१० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 6 | Customer Service | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 7 | Driver | 7 | 0 | 2200 | ७९,२२० | | | | | | | |
| 8 | Foreman | 12 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 9 | General Clean Worker | 8 | 51 | 1000 | ३६,०१० | | | | | | | |
| 10 | Labour | 18 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 11 | Labour Services | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Marketing Manager | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 13 | Pastries Maker | 5 | 0 | 2000 | ७२,०१५ | | | | | | | |
| 14 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 15 | Receptionist | 0 | 3 | 1500 | ५४,०१० | | | | | | | |
| 16 | Salesman | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 17 | Secretary | 0 | 4 | 2700 | ९७,२२५ | | | | | | | |
| 18 | Supervisior | 11 | 5 | 2500 | ९०,०२० | | | | | | | |
| 19 | Tunnels Supervisior | 3 | 0 | 4500 | १६२,०४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**LEADER OVERSEAS PVT.LTD.**
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-495039
Email :leaderoverseas2018@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : LABAQA CO.FOR THE DELIVERY OF CONSUMER ORDERS WLL**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT No :289962 | चलानी नं. ६०२०५१९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 15 | 0 | 135 | ५७,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Tel : 01- 4110082, 9810-195400, 9813-951511
Email: career ganapati@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALKAREZME SERVICES AND RENT A CAR**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289901 | चलानी नं. ६०२०५२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 4 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : CORE CLEANING AND CONTRACTING**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289900 | चलानी नं. ६०२०५२११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Analyzer | 5 | 0 | 2700 | ९७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 3 | General Clean Worker | 7 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Labour | 12 | 0 | 1000 | ३६,३०० | | | | | | | |

**कम्पनी : SALON AL INSAF W.L.L.**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | LT. No. 289902 | चलानी नं. ६०२०५२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 9 | 1700 | ६१,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hanna Beautician | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1500 | ५४,०१० | | | | | | | |
| 4 | Women Hairdresser | 0 | 5 | 1700 | ६१,२१५ | | | | | | | |

**कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL**

पूर्व स्वीकृति मिति २०८०/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 287122 | चलानी नं. ६०२०२५१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Supervisor | 1 | 0 | 3500 | १२७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 4000 | १४५,१६५ | | | | | | | |
| 3 | Data Analyzer | 5 | 0 | 2700 | ९७,८०० | | | | | | | |
| 4 | Foreman | 8 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 4 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Labour | 20 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 9 | Supervisior | 3 | 0 | 2500 | ९०,७३० | | | | | | | |

**कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL**

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 6 | 0 | 4000 | १४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९७,८०० | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 4 | General Clean Worker | 17 | 10 | 1000 | ३६,३०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०८,०२५ | | | | | | | |
| 8 | Supervisior | 8 | 2 | 2500 | ९०,७३० | | | | | | | |

**कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१० | LT. No. 286893 | चलानी नं. ६०२०२२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4800 | १७४,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Beautician | 0 | 8 | 1800 | ६५,३४० | | | | | | | |
| 3 | Hanna Beautician | 0 | 2 | 1800 | ६५,३४० | | | | | | | |
| 4 | Manager Variety | 0 | 1 | 6000 | २१६,०५० | | | | | | | |
| 5 | Supervisior | 0 | 2 | 2500 | ९०,७३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १८ गते (3rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | ११२७०० | ११२१५० | १४६५ |



दाङबाङ गाउँ | बंगलाचुली गाउँपालिका वडा नम्बर ३ को दाङवाङ गाउँ। २०० घरधुरी रहेको यस गाउँमा क्षेत्री, दलित र मगर जातिको बसोवास रहेको छ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# कात्तिकभित्र ठेक्का लगाइसक्न अर्थमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा अर्थमन्त्री डा. प्रकाशशरण महत साउनको सुरुदेखि नै आक्रामक देखिएका छन्। देशका विभिन्न भन्सार र राजश्व कार्यालयको अवस्था बुझेर फर्किएका अर्थमन्त्री महतले साउन १५ देखि नै समयसीमा अनुसार बजेट कार्यान्वयनलाई प्राथमिकता दिनका लागि सबै मन्त्रालयका सचिवलाई अर्थ मन्त्रालयमा सामूहिक छलफल गरेका छन्।

छलफलमा मन्त्री डा. महतले डिपिआर भइसकेका आयोजनाको मात्रै ठेक्का प्रकृयामा जाने गरी काम गर्न मन्त्री डा. महतले सचिवलाई निर्देशन दिए। उनले डिपिआरको मात्र बजेट माग्ने अथवा प्राथमिकताको आयोजना हो भने डिपिआर गरेर कात्तिकसम्म ठेक्का लगाउन सकिन्छ भने मात्र आयोजना अगाडि बढाउन निर्देशन दिए। उनले भने, 'कात्तिकभित्र ठेक्का लगाउनैपर्छ।'

'कतिपय दायित्व सिर्जना भए पनि सरकारले तिर्न सकेको छैन। ठेक्का लागिसकेको आयोजनाको ठेकेदारले दिएको बिल एक महिनाभित्र अर्थमन्त्रालयमा आउनुपर्छ। एक महिनाभित्र आएको बिल अर्थमन्त्रालयले १५ दिनभित्रमा पास गरेर पठाउने छ' मन्त्री डा. महतले भने, 'अब असारमा खर्च हुँदैन।'

काम भइसकेर दायित्व सिर्जना भएको छ भने भुक्तानी पाउनुपर्छ। उनीहरूको पनि समस्या छ, त्यसलाई हामीले नजरअन्दाज गर्न हुँदैन। बजेट शीर्षक भएको दायित्वलाई प्राथमिकतामा राखेर भुक्तानी गर्नुपर्छ। बजेट शीर्षक नभएको तर दायित्व सिर्जना भएको छ भने त्यसमा विचार गर्न मन्त्री डा. महतले सचिवहरूलाई सुझाए।





मन्त्री डा. महतले धेरै ठूलो आवश्यकताको बीचमा सीमित स्रोतमा काम गर्दैछौं भन्ने हामीले बुझेका छौं, त्यसकारण जति चाह्यो, त्यत्ति बजेट दिन सकिँदैन। हाम्रो आवश्यकता र श्रोतका बीचमा ठूलो खाडल छ। त्यसैले श्रोत सुनिश्चिता नभएको आयोजना अगाडि नबढाउन मन्त्रालयका सचिवहरूलाई अर्थमन्त्री डा. महतले निर्देशन दिएका छन्।

'हामी कोही पनि जिम्मेवारीबाट पन्छिनु हुँदैन, जिम्मेवारीबाट पन्छियो भने त्यसले परिणाम दिँदैन', मन्त्री डा. महतले भने, 'जहाँ पनि म स्पष्टसँग भन्ने गर्छु- गर्न नसकिने काम यो-यो कारणले गर्न सकिँदैन।'

'गर्न नसकिने कामलाई प्राथमिकतामा राख्दा श्रोत व्यवस्थापनमा समस्या देखिएको उल्लेख गर्दै मन्त्री डा. महतले भन्नुभयो, 'समस्यारहित कुनै पनि क्षेत्र छैन, तर सुधारको प्रयास भइरहेको छ। साइट क्लियरेन्सलाई हामीले उच्च प्राथमिकतामा राखेका छौं।' 'अर्को वर्षको बजेटका लागि तपाईंहरूले अहिलेदेखि नै तयारी गर्न निर्देशन दिँदै मन्त्री डा. महतले भने, 'आवश्यकता नभएको आयोजनालाई हटाइदिनुस्।'

# लघुवित्त पीडितको प्रदर्शन

**काठमाडौं (प्रस)–** लघुवित्त वित्तीय संस्थाविरुद्ध प्रदर्शन गर्दै आएका ऋणीहरूले सरकारको ध्यानाकर्षण गराउन विरोधका कार्यक्रम चर्काएका छन्। लामो समयदेखि माइतीघर मण्डलामा धर्ना दिइरहेका उनीहरू आज संसद् भवन घेर्ने भन्दै बानेश्वर पुगेका थिए। प्रदर्शनकारीहरू संसद् भवनतर्फ अघि बढ्न खोजेपछि प्रहरीले एभरेस्ट होटेल अगाडि रोक्दा केहीबेर धकेलाधकेलसमेत भएको थियो।

लघुवित्त संस्थाले महँगो सेवा शुल्क र चर्को ब्याज असुल्ने गरेको, ऋण लिएको रकम तिरिसक्दा पनि थप असुल्ने गरेकोलगायतका समस्या उनीहरूले बताउँदै आएका छन्। त्यस्तै, कर्जा असुली गर्दा मानसिक तनाव दिने गरेको, समूहगत जमानीमा ऋण प्रवाह गर्दै आएका लघुवित्त संस्थाहरूले जमानीकर्तालाई समेत दुःख दिने गरेको पनि पीडितको आरोप छ। यसरी, लघुवित्त संस्थाबाट पीडित भएको भन्दै ऋणीहरू पछिल्लो एक वर्षभन्दा बढी समयदेखि विभिन्न चरणमा विरोधका कार्यक्रम गरिरहेका छन्। समस्यामा परेका ऋणीबारे सङ्घीय संसद्मा समेत पटकपटक कुरा उठ्ने गरेको छ।

बैंक तथा वित्तीय संस्थाको नियामकका रूपमा रहेको नेपाल राष्ट्र बैंकले नियमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन नसक्दा पछिल्लो समय लघुवित्त क्षेत्रमा समस्या आएको बताइँदै आएको छ। लघुवित्त क्षेत्रमा अहिले देखिएका समस्या समाधानका लागि केकस्ता कदम चाल्न सकिन्छ भनेर नेपाल राष्ट्र बैंकले गत चैतमा अध्ययन समिति गठन गरेको थियो। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति बनाइएकामा उक्त समितिले हालसम्म आफ्नो सुझाव प्रतिवेदन बुझाउन सकेको छैन। अध्ययन समितिले हाल काम गरिरहेको र यही महिनाभित्रै आफ्नो सुझावसहितको प्रतिवेदन बुझाउने तयारी गरिरहेको नेपाल राष्ट्र बैंकअन्तर्गतको लघुवित्त संस्था सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले जानकारी दिए। 'उक्त कार्यदलले काम गरिरहेको छ। प्रतिवेदन फाइनल भइसकेको छैन। लघुवित्त क्षेत्रको नीतिगत सुधारका लागि अब चाल्नुपर्ने कदम केके हुन् भनेर विस्तृतमा सुझाव आउनेछ', उनले भने।

## कर्पोरेट


## सानिमा बैंकको बैंक ग्यारेन्टी अब अनलाइनबाट लिन सकिने

सानिमा बैंक

**काठमाडौं (प्रस) –** सानिमा बैंकले आफ्ना ग्राहकका लागि अनलाइन बैंक ग्यारेन्टी (जमानत) सेवाको सुरुवात गरेको छ। यो सुबिधा अन्तर्गत ग्राहकहरूले बैंकको आधिकारिक वेबसाइटमा उपलब्ध अनलाइन पोर्टल मार्फत बैंक ग्यारेन्टीको आवेदन दिन सक्नेछन्। तत् पश्चात बैंक ग्यारेन्टी (जमानत) प्रकिया पूरा भएको सूचना आवेदकले इमेल मार्फत प्राप्त गर्न सकिने पनि जनाइएको छ।

उक्त सूचना प्राप्त गरे पश्चात सम्बन्धितले सक्कल आवेदन सहित बैंकको काउन्टरबाट बैंक ग्यारेन्टी (जमानत) संकलन गर्ने व्यवस्था मिलाइएको छ। आवेदनमा कुनै समस्या भएमा, कारणसहित इमेल मार्फत नै जानकारी दिइने पनि बैंकले जनाएको छ। यस प्रबिधिबाट ग्राहकहरूलाई छिटो, छरिटो र झन्झटरहित सेवा प्रवाह गर्न मद्दत पुग्ने बैंकले विश्वास गरेको छ। सानिमा बैंकको सातै प्रदेशमा १३२ वटा कार्यालयहरू र १२३ वटा एटिएम संजालहरू रहेका छन्।

## ज्योति विकास बैंकको 'सुपर स्मार्ट सेभिङ्स' सार्वजनिक





**काठमाडौं (प्रस) –** ज्योति विकास बैंकद्वारा अतुलनीय विशेषता, निःशुल्क सुविधा र विशेष छुट सहितको 'सुपर स्मार्ट सेभिङ्स' बचत योजना सार्वजनिक गरेको छ। न्युनतम मौज्दात मात्र रु.१५ मा १५ महिनासम्म १५ सुविधाहरू निःशुल्क तथा विशेष छुट सहितको निक्षेप योजना बैंकले आफ्नो १५औं वार्षिकोत्सवको अवसरमा सार्वजनिक गरेको हो।

ग्राहकवर्गहरूको आवश्यकतालाई मध्यनजरमा राखी ग्राहकहरूलाई अधिकतम लाभ प्रदान गराउनुका साथै आर्थिक रूपले समृद्ध बनाउने उद्देश्यका साथ 'सुपर स्मार्ट सेभिङ्स' बचत खाता संचालनमा ल्याइएको हो। यस खाताले ग्राहकवर्गलाई बचतसँगै आईपीओमा लगानीको सुरुवात गर्न एकदम सहजता प्रदान गर्नेछ। हाल बजारमा उपलब्ध बचत खाताहरूमा पाईने सुविधाहरू भन्दा यस बचत खातामा ग्राहकहरूले दोब्बर सुविधाको लाभ पाइने बैंकले जनाएको छ।

सुपर स्मार्ट सेभिंग्स खाता बैंकको सम्पूर्ण १२१ शाखाहरू र अनलाइन मार्फत् पनि खोल्न सकिने छ। यो योजना बचत तथा लगानी संगै एउटै बचत योजनाबाट अधिकतम लाभ लिन चाहने सम्पूर्ण ग्राहकवर्गहरूका लागि उपयुक्त खाता भएको विश्वास बैंकले लिएको छ। ज्योति विकास बैंक ग्राहक केन्द्रित भई ग्राहकहरूको आवश्यकता र मागहरूलाई अनुसरण गर्दै नवीनतम सुविधाहरू ल्याई ग्राहकहरूको बैंकसंगको कारोबारलाई थप दिर्घकालिन र प्रभावकारी बनाउन सक्रिय रहँदै आएको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ। संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, सेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ।

ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउदै आइरहेको छ।

## कुमारी बैंकको २ नयाँ शाखा विस्तार



**काठमाडौं (प्रस) –** कुमारी बैंक लिमिटेड उपत्यकामा थप २ शाखामा सेवा विस्तार गरेको छ। बैंकले आफ्ना शाखा सञ्जाल विस्तार गर्ने क्रममा बागमती प्रदेशस्थित काठमाडौं वडा नं १४ मा रहेको कुलेश्वर र वडा नं ०४ मा रहेको धुम्बाराही शाखाहरू बुधबारबाट सञ्चालनमा ल्याएको हो।

बैंकले उक्त क्षेत्रका व्यवसायी, उद्यमी तथा स्थानीयलाई सहज रूपमा बैंकिंग सेवा पुऱ्याउने उद्देश्यले उक्त शाखाहरू विस्तार गरेको हो। बैंकले आगामी दिनहरूमा थप शाखाहरू विस्तार गरेर आधुनिक बैंकिंग सेवा पुऱ्याउने योजना बनाएको छ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिंग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०४ शाखा सञ्जाल, ३०७ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ६३ शाखारहित बैंकिंग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ।

# नेप्सेमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको मौद्रिक नीति जारी भएको दिन गत आइतबार उच्च अंकले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक त्यसपछिका तीन दिन भने लगातार ओरालो लागेको छ।

सोमबार र मंगलबार दोहोरो अंकको गिरावट देखिएको नेप्से परिसूचक आज आठ दशमलव ११ अंकले घटेर दुई हजार एक सय ५६ दशमलब २० अंकमा कायम भएको हो। बुधबार दुई सय ६० कम्पनीको ७३ लाख ९९ हजार चार सय ७४ कित्ता सेयर ४२ हजार सात सय १४ पटक खरिद-बिक्री हुँदा रू दुई अर्ब ४३ करोड २५ लाख आठ हजार सात सय ६९ बराबरको कारोबार भएको छ। वित्त समूह एक दशमलव ६१, म्युचुअल फन्ड शून्य दशमलव ०५ र अन्य समूह ११ दशमलव ३१ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै निर्जीवन बिमा समूह ८६ दशमलव ७२ र होटल तथा पर्यटन समूह ८५ दशमलव ४२ अंकले घटेको छ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अलवम्बन गरौं।
- घर वरिपरि पानी जम्न नदिऔं।
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ